म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक १४६ आइतबार, २७ पुस २०८२ ने. सं. ११४६ पोहेलाथ्व 11 January 2026 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा
राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## पिपलबोट बचतको साधारणसभा

हेटौंडा, २६ पुस/हेटौंडा-२ स्थित पिपलबोट बचत तथा ऋण सहकारी संस्थाको १५ औं वार्षिक साधारणसभा सम्पन्न भएको छ । २०६७ साल असोज १ गते डिभिजन सहकारी कार्यालयमा दर्ता स्वीकृत भई सहकारीले हालसम्म कारोबार सञ्चालन गर्दै आएको छ । साधारणसभामा संस्थाका अध्यक्ष अजय मानन्धरले संस्थागत प्रतिवेदन प्रस्तुत गरेको थिए । 'मर्यादित सहकारी:सम्मुनत समाज' भन्ने नारालाई आत्मसात गर्दै सहकारीले समृद्ध समाज निर्माणमा लागिपरेको उनले बताए । मानन्धरका अनुसार संस्थाले आर्थिक वर्ष २०८१/८२ मा २ करोड ८९ लाख ६७ हजार रुपैंयाँ ऋण लगानी गरेको छ । ४ करोड ७ लाख ९७ हजार निक्षेप संकलन गरेको अध्यक्ष मानन्धरले बताए ।

६० लाख शेयरपुँजी रहेको संस्थाको ऋणी सदस्य १ सय ५९ र सदस्य संख्या ६ सय ३३ रहेको छ । कार्यक्रममा सहकारीका उपाध्यक्ष उत्तमराज बज्राचार्य, सचिव रमेशराज बज्राचार्य, कोषाध्यक्ष प्रमेश बज्राचार्यलगायतको आतिथ्यता रहेको थियो ।

# थाहा दिवस २०८२: बिडारीलाई थाहा पत्रकारिता पुरस्कार

साझाकुरा संवाददाता

हेटौंडा, २६ पुस/थाहा आन्दोलनका प्रणेता स्वर्गीय रुपचन्द्र बिष्ट (रुदाने) को ९२ औँ जन्मजयन्तिको अवसरमा थाहा नगर पालिकामा विविध कार्यक्रमसहित थाहा दिवस २०८२ मनाइएको छ ।

रुदानेको जन्मस्थल थाहा नगरपालिका-३ अन्तर्गत शिखर कोटस्थित विकासघरमा आयोजित कार्यक्रममा रुदानेको योगदान, दर्शन र थाहा आन्दोलनको ऐतिहासिक महत्वलाई स्मरण गरिएको हो । थाहा नगरपालिका वडा नं. ३ र ४ को सहयोग तथा फरक सोच अभियानको आयोजनामा कार्यक्रम सम्पन्न भएको हो । कार्यक्रममा स्वर्गीय रुपचन्द्र बिष्टको पूर्णकदको शालिकमा माल्यार्पण गरी श्रद्धाञ्जली अर्पण गरिएको थियो ।

कार्यक्रमका प्रमुखअतिथि थाहा नगरउपप्रमुख भरत गोपालीले रुदानेलाई जनताको चेतना जगाउने, जनमुखी र विकासप्रेमी महान व्यक्तित्वको रुपमा स्मरण गर्दै उहाँको विचार आजको समाजका लागि अझै सान्दर्भिक रहेको बताए । उनले रुदानेको संघर्ष र दर्शनले स्थानीय तहदेखि राष्ट्रिय तहसम्म सकारात्मक सोच विकास गर्न प्रेरणा दिएको उल्लेख गरे ।

नगर उपप्रमुख गोपालीले रुदाने कुनै एक दल वा विचारधाराको सीमाभित्र सीमित व्यक्तित्व नभएको बताए । रुदानेको दर्शनलाई सबै राजनीतिक दलले आत्मसात गर्नु आजको आवश्यकता रहेको उनको भनाई छ । रुदानेको जन्मस्थल घर्तीखोलामा उहाँको स्मृतिमा संग्रहालय स्थापना गर्न नगर पालिकाले पहल थाल्ने प्रतिबद्धता उपप्रमुख गोपालीले व्यक्त गरे ।

कार्यक्रममा थाहा पत्रकारिता पुरस्कार २०८२ बाट लामो समयदेखि पत्रकारितामा निरन्तर सक्रिय रहँदै आएका पत्रकार सुरेश बिडारीलाई सम्मान गरिएको थियो । तीर्थदास श्रेष्ठ स्मृति



सामाजिक सम्मान लामो समय शिक्षण पेशामा योगदान पुर्‍याई हालै मात्र सेवानिवृत्त भएका जनकल्याण माध्यमिक विद्यालयका पूर्वप्रधानाध्यापक सानोभाइ कार्कीलाई प्रदान गरिएको छ ।

वडा नं. ३ का अध्यक्ष हिरेन्द्रकुमार रायमाझीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा फरक सोच अभियानका अध्यक्ष यादवजंग रायमाझीले कार्यक्रमको औचित्य र उद्देश्यबारे प्रकाश परेका थिए । कार्यक्रममा सहभागी वक्ताले रुपचन्द्र बिष्टको जीवन, विचार र थाहा आन्दोलनले समाजमा पारेको प्रभावबारे मन्तव्य राखेका थिए । यसैअवसरमा थाहा नगर पालिकाको महिला, बालबालिका तथा ज्येष्ठनागरिक शाखाको आयोजनामा वडा नं. ३ र ४ का ३० जना ज्येष्ठनागरिकलाई सम्मान गरिएको थियो ।

थाहा नगरपालिकाको वार्षिक स्वीकृत कार्यक्रमअनुसार वडा ज्येष्ठनागरिक समन्वय समितिको सिफारिसका आधारमा वडा नं. ३ का १५ जना र वडा नं. ४ का १५ जना ज्येष्ठनागरिकलाई न्यानो ब्ल्याङ्केट, गल्बन्दी, थरमस तथा बेतको लौरो प्रदान गरिएको हो । थाहा दिवस २०८२ को कार्यक्रमले रुदानेको विचार, थाहा आन्दोलनको मर्म र सामाजिक उत्तरदायित्वलाई पुन: उजागर गर्दै स्थानीय समुदायमा चेतना र एकताको सन्देश प्रवाह गरेको सहभागीले बताएका छन् । थाहा अर्थात मान्छेमा चेतना जनाउने अभियान हो ।

थाहा अभियानका संस्थापक अभियन्ता रुदाने अर्थात रुपचन्द्र बिष्ट भौतिकवादमा विश्वास राख्ने भएकोले कम्युनिस्ट सिद्धान्तमा झुकाव बढी थियो । कम्युनिस्ट सिद्धान्तको भौतिकस्वरुप यदि हुनपर्ने हो भने त्यो रुदाने नै हुन् भनेर बिरोधीहरुले भन्ने गरेका थिए । उनले मानिसको काम गराई विशेषता अवस्थाको हिसाबमा ब्यबहार देखाउँथे । रुपचन्द्र विष्टले २०३८ र २०४३ सालमा मकवानपुरबाट राष्ट्रिय पञ्चायतमा प्रतिनिधित्व गरेका थिए ।

उनी पर्चा पम्पेलेटमा तस्विर हैन विचार लेख्थे । तिनै पर्चा बेचेर चुनावखर्च जुटाउँथे । उनले कहिल्यै पनि रुपचन्द्र विष्टलाई भोट देऊ भनेनन् । मात्र विचार बाँडे, छापे जगाउँन जीवनका महत्वपूर्ण अवधि बिताए । उनका विचारसँग सहमत हुनसक्नेलाई पनि स्वविवेकले चल्न भन्थे । तर, सबैले सबैका विचार, भावना, सिद्धान्त र क्रियाकलापको साक्षी हुन सक्नुपर्छ भन्ने उनको तर्क थियो ।

राष्ट्रिय पञ्चायतको सदस्य भएर पनि पञ्चायतकै विरोधमा विचार व्यक्त गरेर बौद्धिक वर्चस्व राख्न सक्ने महान योद्धा थिए रुदाने । उनले पञ्चायतकालमै संविधानसभाको आवश्यकता देखेर जोडदार आवाज उठाएका थिए । वि.सं २०३० सालतिर विष्टले थाहा आन्दोलन सुरु गरेका थिए । बिष्ट र उनका सहकर्मीले चट्टान, भित्ता, पर्खाल, रुखदेखि खाली कागज र चुरोटको बट्टासम्ममा 'थाहा' लेख्ने काम भएको थियो । 'थाहा' नेपाली छाप्राहरुमा पुगेको पहिलो दार्शनिक आन्दोलन थियो ।

थाहा आन्दोलनको सबभन्दा ठूलो उपलब्धि थियो 'रुदाने जजसको घर-आँगनमा पुगे, तिनले जीवनमा पहिलोचोटि 'जान्नु र बुझ्नु (अर्थात् थाहा पाउनु) हाम्रो अधिकार रहेछ' भन्ने जानेका थिए । 'जातभन्दा जनता, नाताभन्दा न्याय र स्वास्थ्य भन्दा सत्य ठूलो हो' भन्ने स्व. विष्टलाई शत्रुले चिनेका थिए तर, मित्रुले चिन्न नसकेको बिश्लेषण गरिन्छ ।

## हेटौंडा उपमहानगरपालिकाको बजेट संशोधन

# १८ औं नगरसभाबाट ३ करोड ४७ लाख थप

साझाकुरा संवाददाता

हेटौंडा, २६ पुस/हेटौंडा उपमहानगरणलिकाले चालु आर्थिक वर्षको बजेटमा संशोधन गरेको छ । उपमहानगरको १८ औं नगर सभाले ३ करोड ४६ लाख ९० हजार रुपैयाँसहितको संशोधित तथा पुरक बजेट अनुमोदन गरेको हो ।

यसअघि असार १० गते सम्पन्न १७ औं नगरसभाले आर्थिक वर्ष २०८२/८३ का लागि २ अर्ब ९० करोड तीन लाख १० हजारको कुल आयव्यय बजेट अनुमान स्वीकृत गरेको थियो । यो बजेटमा थप साढे तीन करोडसहित कुल २ अर्ब ९३ करोड ५० लाख बजेट शुक्रबारको नगरसभाले स्वीकृत गरेको छ । नगरसभामा बजेट वक्तव्य प्रस्तुत गर्दै उपप्रमुख राजेश बानियाँले चालु आर्थिक वर्षको छ महिनामा संघीय सरकारबाट समानीकरण तथा सशर्त अनुदानतर्फ गरी ६२ करोड ७ लाख १९ हजार तथा प्रदेश सरकारबाट समानीकरण, सशर्त र समपुरक अनुदानतर्फ ५ करोड ६२ लाख ८७ हजार प्राप्त भएको जानकारी दिए ।

राजश्व बाँडफाँडतर्फ १६ करोड ४ लाख ६४ हजार रुपैयाँ र नगरको आन्तरिक स्रोत (कर र राजश्व) बाट गत वर्षको नगद मौज्दात गरी २१ करोड ४६ लाख



प्राप्त भएको जानकारी दिए । कुल अनुमानको ३६ दशमलब ३० प्रतिशत आम्दानी भएको नगरसभामा जानकारी दिइएको छ । खर्चतर्फ प्रशासनिक व्ययमा १९ करोड १४ लाख ९६ हजार रुपैयाँ अर्थात् ३०.७३ प्रतिशत खर्च भएको छ । संशोधित बजेटअनुसार जेनजी आन्दोलनबाट क्षति पुगेका कार्यालयका लागि सामग्री, उपकरण तथा फर्निचर व्यवस्थापनमा १३ करोड १९ लाख ५६ हजार, भौतिक संरचना पुनर्निर्माणमा २१ करोड ६८ लाख ५० हजार र गतवर्षको दायित्व भुक्तानीका लागि ५ करोड ८० लाख २३ हजार रुपैयाँ थप गरिएको छ ।

यसरी कुल ४० करोड ६६ लाख ३० हजार रुपैयाँ बराबरको अतिरिक्त बजेट सभामा पेश गरिएको थियो । उपप्रमुख बानियाँका अनुसार प्राप्त अनुदान र राजश्वले कुल खर्च धान्न नसक्ने अवस्था आएपछि केही पूर्वाधार विकासका योजना कटौती गर्नुपरेको हो । हालसम्म ६४ करोड १४ लाख ११ हजार रुपैयाँ अर्थात् २२ दशमलब ११ प्रतिशत 'वर्षभार' रहेको पनि उनले जानकारी दिए । गत भदौ २३ र २४ को जेनजी आन्दोलनमा भएको आगजनी तथा तोडफोडबाट क्षतिग्रस्त उपमहानगरपालिकाको भवन, सवारी साधन, वडा कार्यालय र स्वास्थ्य केन्द्रहरु पुनर्निर्माणको खर्च जुटाउने उद्देश्यले भौतिक तथा अन्य विकास योजनाहरु कटौती गरी बजेट घटाउन कात्तिकदेखि नै विभिन्न समितिमा छलफल चलाउँदै आएको थियो ।

## दिव्यतारा बहुउद्देश्यीय सहकारीको अध्यक्षमा श्रेष्ठ

# सहकारीले सेवालाई ध्यान दिएर काम गर्नुपर्छः डीना

साझाकुरा संवाददाता

हेटौंडा, २६ पुस/नेपाली कांग्रेसकी सहमहामन्त्री एवम् दिव्यतारा बहुउद्देश्यीय सहकारी संस्थाका संस्थापक अध्यक्ष महालक्ष्मी उपाध्याय डीनाले सेवालाई मुलमर्म बनाएर काम गर्न दिव्यताराका



पदाधिकारी तथा कर्मचारीलाई अनुरोध गरेकी छिन् ।

दिव्यताराको २७ औं वार्षिक साधारणसभाको उद्घाटन गर्दै उनले ग्रामीणक्षेत्रका सर्वसाधारणको सहजताको लागि संस्था खोलेको स्मरण गर्दै उनले सहकारीको मर्मअनुसार काम गर्न अनुरोध गरिन् । युवालाई स्वरोजगार बनाउनुका साथै ग्रामीण क्षेत्रको आर्थिक विकासका लागि तीन दशक अघि दिव्यतारा सुरु गरिएको उनले स्मरण गरिन् । 'यो अविचलित रुपमा अघि बढेको संस्था हो । संस्था डुब्यो भनेर अनावश्यक हल्ला फैलाउनेहरु पनि न आएका होइनन्', डीनाले भनिन्, 'संस्था डुबाउन रहर गर्नेको प्रयास सफल हुने छैन । कुनै दिनमा संस्था डुब्दैन, डुब्न दिइने छैन ।'

आर्थिक मन्दी, आन्दोलन लगायतका कारण अझ सोचेको जस्तो काम गर्न नसकिएको भन्दै उनले अब योजनाबद्ध काम गर्न नयाँ कार्यसमितिलाई अनुरोध गरिन् । दिव्यताराका अध्यक्ष डा.गणेश बल लामाको अध्यक्षतामा भएको कार्यक्रममा भरतपुर महानगरपालिका निवर्तमान उपमेयर पार्वती शाह, सहकारीका सचिव ईश्वर पण्डितलगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए । साधारणसभामा विधागत उत्कृष्ट ऋणी तथा एसईई परीक्षामा उत्कृष्ट अंक ल्याउने शेयर सदस्यका छोराछोरीलाई सम्मान तथा पुरस्कार प्रदान गरिएको थियो ।

मासिक वचततर्फ मदन थापामगर, खुत्रुकेतर्फ सुप्रीयासिंह बानियाँ, दैनिक वचततर्फ दर्शन फुयाँल, ज्येष्ठनागरिक वचततर्फ सुशिला पाण्डे र उत्कृष्ट ऋणीतर्फ गंगा घलेगुरुङलाई सम्मान गरिएको थियो । एसईईमा उत्कृष्ट अंक ल्याउने शेयरसदस्यका छोराछोरीमध्ये सफल ढकाल, अर्पणा पोखरेल, दिशिका कंडेल र अनुप्रस्था देवकोटालाई नगद ३ हजार रुपैयाँसहित सम्मानपत्र प्रदान गरिएको थियो । ११ हजार २३८ जना शेयर सदस्य रहेको दिव्यताराको कारोबार ९ अर्वको रहेको छ ।

**दिव्यताराको अध्यक्षमा श्रेष्ठ**

दिव्यतारा बहुउद्देश्यीय सहकारी संस्थाको अध्यक्षमा लक्ष्मीदेवी श्रेष्ठ चयन भएकी छिन् । सहकारीको २७ औं वार्षिक साधारणसभा तथा अधिवेशनले श्रेष्ठको नेतृत्वमा नयाँ कार्यसमिति चयन गरेको हो ।

सहकारीको उपाध्यक्ष दिनेश उपाध्याय, सचिव ईश्वर पण्डित, कोषाध्यक्ष शर्मिला डंगोल तथा सदस्यमा निलम बजगाई, माधवकुमार न्यौपाने, उत्सव इटेनी, लक्ष्मणप्रसाद सुबेदी, कविन सांगामी, लेखा समिति संयोजक ज्ञानेन्द्र बर्तौला, लेखा समिति सदस्यमा सुनिता श्रेष्ठ र राज कुमार भेटवाल चयन भएका छन् ।


## कर्मचारी आवश्यकता

*(पहिलो पटक सूचना प्रकाशित मिति: २०८२ पौष २७ गते)*

LiScha Himalaya e.V. संगको सहकार्यमा यस संस्थाले राक्सिराङ्ग गाउँपालिकामा सञ्चालन गरिरहेको "Education, Health & Livelihood Support Project in Raksirang" अन्तर्गत यस संस्थाको सिलिङ्गे फिल्ड कार्यालयमा रहेर परियोजनाको विभिन्न गतिविधिहरु सञ्चालनको लागि तपशिलको योग्यता रहने गरी २ जना कर्मचारीहरुको पदपुर्ती गर्नुपर्ने भएकोले ईच्छुक नेपाली नागरिकहरुबाट सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र यस संस्थाको शाखा कार्यालय राप्ती-१, चितवनमा वा *usdnepal@ymail.com* मा ईमेल मार्फत निवेदन र आवश्यक कागजात पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल:**

| क्र.स. | पद | योग्यता | पेश गर्नुपर्ने कागजात | अनुभव | पारिश्रमिक | परीक्षाको किसिम |
|---|---|---|---|---|---|---|
| १. | फिल्ड अफिसर | १) कम्तीमा मान्यता प्राप्त शैक्षिक संस्थाबाट स्नातक तह उत्तीर्ण गरेको हुनु पर्ने । २) दुइ पाङ्ग्रे सवारी चालक अनुमतिपत्र प्राप्त भएको ३) बेसिक कम्प्युटर सम्बन्धि (Word, Excel, PowerPoint, Internet लगायत) ज्ञान भएको हुनुपर्ने । | १) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी २) व्यक्तिगत विवरण (Bio Data) ३) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी ४) कार्य अनुभवको प्रमाणपत्रको प्रतिलिपी ५) विभिन्न तालिमहरुमा प्राप्त प्रमाणपत्रको प्रतिलिपी । | सम्बन्धित काममा कम्तिमा १ वर्षको अनुभव प्राप्त भएको | संस्थाको नियमानुसार | लिखित र अन्तरवार्ता |
| २. | पर्सनलहाइजिन सुपरभाइजर | Certificate in Dental Science (Dental hygiene) उत्तीर्ण गरेको । | | | | |

- महिला, अपाङ्गता भएका, दलित, स्थानीय लगायतलाई विशेष प्राथमिकता दिइनेछ ।
- कार्यअवधी १ वर्षको हुनेछ । कार्य क्षमताको आधारमा सेवा अवधि थप गर्न सक्नेछ ।

**नोट :** संक्षिप्त सूचीमा परेका उमेदवारहरुलाई मात्र लिखित तथा अन्तरवार्ताको लागि बोलाइनेछ ।

*थप जानकारीका लागि सम्पर्क :*

**दीगो विकासका लागि एकता नेपाल**

राप्ती-१, महादेवटार, चितवन

सम्पर्क नं.: ९७४२५५९७०१, ९७४२५५९७०४



सुन्दर बचत तथा ऋण सहकारी संस्था लि.को

## १७ औं वार्षिक साधारण सभासम्बन्धी सूचना !

उपरोक्त सम्बन्धमा यस सुन्दर बचत तथा ऋण सहकारी संस्था लिमिटेडको २०८२ मंसिर ७ गते बसेको सञ्चालक समितिको बैठकको निर्णयानुसार १७ औं वार्षिक साधारणसभा सम्बन्धी कार्यक्रम निम्न मिति, समय र स्थानमा आयोजना गरिने र उक्त साधारणसभामा तपशिलका विषयहरु उपर गहन छलफल गरी उचित निर्णय गर्नुपर्ने भएकाले यहाँको सक्रिय सहभागिताको लागि हार्दिक अनुरोध गरिन्छ ।

**साधारणसभा सम्बन्धी कार्यक्रम:**

**मिति :** २०८२ पुस २७ गते, आइतबार

**समय :** बिहान ११:०० बजे ।

**स्थान :** ॐ वृद्धाश्रमको सभाहल, हेटौंडा-२, चौकीटोल

**छलफलका विषयहरु:**

१) संचालक समिति र उपसमितिका प्रतिवेदनहरु छलफल र पारित ।
२) आ.व.२०६२/०६३ को बजेट तथा कार्यक्रम छलफल र पारित ।
३) आ.व. २०८१/०७२ को ले.प. प्रतिवेदन छलफल र पारित ।
४) आ.व.२०८२/०८३ को लेखापरीक्षक नियुक्ति र पारिश्रमिक निर्धारण ।
५) साधारणसभाको निर्णय प्रमाणित गर्न सदस्यको छनौट ।
६) बिनियम संशोधन सम्बन्धमा ।
७) संस्थाको मर्जर सम्बन्धमा ।
८) विविध ।

**सुन्दर बचत तथा ऋण सहकारी संस्था लिमिटेड**

चौकीटोल, हेटौंडा

साझाकुरा

## हाम्रो कुरा

# हेटौंडामा पर्याप्त खानेपानी

हेटौंडा खानेपानी व्यवस्थापन बोर्डले दैनिक ३ करोड ७० लाख लिटर पानी वितरण गरिरहेको छ । ६ सय २८ किलोमिटर लामो पाइपलाइनमार्फत् दैनिक ३ करोड ७० लाख लिटर पानी उत्पादन गरिरहेको छ । २८ हजार ४ सय ६३ धारामा दैनिक सरदर ८ देखि १० घन्टा पानी वितरण भइरहेको छ । हाल बोर्डले ३९ वटा डिप ट्युबवेल, १५ वटा समवेल मार्फत उत्पादन गरिरहेको छ । १९ वडा रहेको हेटौडा उपमहानगर क्षेत्रका १६ वटा वडामा बोर्ड मार्फत् खानेपानी वितरण हुँदै आएको जानकारी दिइएको छ । केही वडामा उपभोक्ता समितिमार्फत् पानी वितरण हुने गरेको छ । बोर्डका अनुसार वडा नं. २, ४, ५, ६, ७, ८, ९, १० र १४ पुरै र वडा नं. १, ३, १५, १६, १७, १८ र १९ का आंशिक क्षेत्रमा बसोबास गर्ने करिब १ लाख ६५ हजार नगरबासीलाई दैनिक पानी वितरण गर्दै आएको छ । बोर्डले मासिक रुपमा १ करोड २० लाख रुपैयाँ पानी महशुल उठाउने गरेको छ ।

बोर्डले आफ्नै स्रोतबाट नगरक्षेत्रामा १५ वटा डिप ट्युबेल, मकवानपुर गढी गाउँपालिकामा ३, भीमफेदी गाउँपालिकामा २ र हेटौंडा ९ मा एकवटा गरी ६ थान साना ट्युबेल निर्माण गरेको छ । संघीय सरकारको खानेपानी तथा ढल व्यवस्थापन आयोजना, हेटौंडा उपमहानगरपालिका र बोर्डको सहलगानीमा करिब १५ करोडको लागतमा ओभर हेड पानी ट्याङकी १ वटा, भूमिगत पानी ट्याङ्की ३ वटा, डिप बोरिङ ४ वटा मुख्य तथा शाखा पाइपलाइन विस्तार र विद्युतीकरणको काम गरिएको छ । संघीय सरकारको ८ करोडको लगानीमा हेटौंडा १९ मा पानी ट्याङकी, कार्यालय भवन तथा पालेघर निर्माण, प्रमुख तथा शाखा पाइपलाइन विस्तार र विद्युतीकरणको कामअन्तर्गत अपुरो रहेका योजना सम्पन्न गर्न बोर्डबाट ३ करोड रुपैयाँ लगानी गरी योजना सम्पन्न गरिएको छ । बागमती प्रदेश सरकारसँगको सहकार्यमा हेटौंडा-१९ बस्तीपुरमा साना ट्युबेल निर्माण, हेटौंडा-१६ मा डिप ट्युबेल, त्रिशुलीमा ५ लाख लिटर क्षमताको भूमिगत पानी ट्याङ्की निर्माणको काम र करिब २० हजार किलोमिटर प्रमुख तथा शाखा पाइपलाइन विस्तार गरिएको छ । हालसम्म बोर्डमा हेटौंडाको वडा नं. ३, ६, ७, १४, १५, १६, १७, १८ र १९ मा १६ वटा खानेपानी उपभोक्ता समितिबाट खानेपानीको पूर्वाधार सहित ९ हजार ५ सय धारा हस्तान्तरण गरिएको छ । त्यसैगरी हेटौंडामा २० करोड रुपैयाँ भन्दा बढीको लगानीमा खानेपानी योजना निर्माण हुने भएको छ । हेटौंडा उपमहानगर पालिका र संघीय सरकारको सहलगानीमा खानेपानी योजना निर्माण हुन लागेको हो ।

उपमहानगरको ९, १४ र १५ नम्बर वडालक्षित गर्दै सिमलटार-रातोमाटे सहलगानी खानेपानी योजना अन्तरगत ठुलो लगानीको काम हुने भएको छ । २० करोड ५६ लाखको लगानीमा हेटौंडा-९ को बेतखोल्सीमा ६ लाख लिटर, हेटौंडा-१५ पिसपार्कमा २ लाख लिटर र हेटौंडा-१४ मा २ लाख लिटरको खानेपानी टंकी निर्माण गरिने छ भने हेटौंडा-१४ मै २ वटा सामवेल बनाउने सम्झौतामा उल्लेख छ । मधेश प्रदेशमा पानीको संकट समाधान गर्न हेटौंडाको राप्तीखोलको पानी दुधौराखोलामा मिसाउन सम्भाव्यता अध्ययन थालिएको छ । यो सम्भाब्यता देखिएको खण्डमा हेटौंडा भएर बग्ने राप्तीनदीको पानी मधेशको दुधौरामा झारिने छ । राप्तीलाई हेटौंडाबाट डाइभर्सन गरी बाराको दुधौरा पुऱ्याइने योजना छ । यसबाट बारा र पर्सामा खानेपानीको आवश्यकता परिपूर्ति हुनेछ । खानेपानी तथा ढल व्यवस्थापन विभागले सार्वजनिक सूचनामार्फत् सम्भाव्यता अध्ययन गरेको हो । पूर्व-पश्चिम राजमार्गभन्दा दक्षिण राप्ती बगरबाट करिब १२ किलोमिटरमा पर्ने दुधौरा नदीको स्रोत रहेकै ठाउँमा पानी खसाल्ने योजना बनाइएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ पुस २८ गते सोमबार १२ जनवरी २०२६ । नवमी, पौष शुक्लपक्ष । पोहेलाथ्व ११४६ ने.सं. । सूर्योदय ६:५८ सूर्यास्त ५:२७ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : कामको उचित प्रतिफल पाइनेछ | तुला | : प्रेमप्रसंग सुमधुर आदर पाइनेछ |
| वृष | : धन आर्जन हुनेछ | वृश्चिक | : अधुरा योजना पूरा हुने देखिन्छ |
| मिथुन | : काम बन्नाले उत्साह जाग्नेछ | धनु | : भाग्योदयको समय रहनेछ |
| कर्कट | : दोहोरो लाभ मिल्नेछ | मकर | : अध्ययन अध्यापनमा गडबडी हुन्नेछ |
| सिंह | : श्रमबाट प्रशस्त लाभ हुनेछ | कुम्भ | : काममा उत्साह बढ्नेछ |
| कन्या | : पारिवारिक समस्या आउनसक्छ | मीन | : प्रेमको बन्धन कसिनेछ |

# निर्वाचनले मात्र नसुल्झिने नेपालको समस्या



✍डा. लोक भट्टराई

धेरैलाई लागेको छ कि अहिलेको नेपालको गोलमाल मुख्यत: राजनीतिक र केही शासकीय विषय मात्र हो । तर त्यो बुझाइ अत्यन्त सतही हुनेछ । माथिल्लो उचाइबाट हेर्दा अहिलेको समस्या राजनीतिक मात्र देखिएन । आर्थिक मात्र पनि देखिएन । यो बुझ्न आवश्यक छ कि अहिलेको स्थिति निकै जटिल र आपत्तिउन्मुख देखिन्छ । आन्तरिक राजनीति र सतहका शासकीय एवं आर्थिक विषय त आवरण मात्र हुन् । यो लेखमा म अहिलेको जटिल, विषम र चुनौतिपूर्ण परिस्थिति उत्पन्न हुनमा र एउटा चुनौतिमाथि अरु चुनौती थपिएर स्थितिलाई भयावह बनाउन योगदान गर्ने चारवटा मुख्य जिम्मेवार अर्थ-राजनीतिक र अन्य तत्व एवं तिनका अन्तर्सम्बन्धबारे विवेचना गर्नेछु ।

ती चार तत्वमध्ये पहिलो- नेपालको भू-राजनीतिक अवस्थिति, दोस्रो- नेपालको उत्पादन र अर्थतन्त्रको स्वरुप, तेस्रो- श्रम सम्बन्ध र मानव भूगोल अनि चौथो- शिक्षा, सोसल मिडिया र जनताको मनोविज्ञान हुन् । स्थितिलाई जटिल बनाउन यी एक्लाएक्लै शायद यति प्रभावकारी हुँदैन थिए, जति यी चारले एकै ठाउँ, एउटै समयमा र एकैचोटि प्रभाव उत्पन्न गरिरहेका छन् । यी तत्वहरू एक्लाएक्लै हुँदा तिनको एक्लाएक्लै समाधान गर्न धेरै हदसम्म सजिलो र सम्भव हुने थियो, जुन सुविधा अहिलेलाई उपलब्ध छैन । यो स्थितिमा नेपाली जनताका सामु यी चार तत्वको छुट्टाछुट्टै र समष्टिगत प्रभाव देख्न र तिनलाई सुझबुझका साथ निम्त्याउन सायद अन्तिम मौका उपलब्ध भएजस्तो देखिन्छ ।

नेपालमा विगतमा भएको प्रजातन्त्रको अभ्यास र सरकारहरूले सुशाशन दिन नसकेका कारण यो परिस्थिति निर्माण हुन फ्युलिङ चाहिँ गरेको हो । तर, अब कुनै तरिकाको चुनाव, शासकीय परिवर्तन वा विकासको कुनै नयाँ योजनाले मात्र देशलाई शान्त र जनतालाई संयमित राख्न सक्ने स्थिति छैन । अब साँच्चै देशको भविश्य र नेपाली जातिको अस्तित्व रक्षाका लागि सोच्ने हो भने परिस्थितिको गम्भीर बहस र सहमति निर्माण हुनु आवश्यक देखिन्छ ।

कसैका लागि पद र सत्ता प्राप्तिको कुरा होला, तर चुनावकेन्द्रित राजनीतिक बहस र अरु कुरातर्फ आँखा चिम्लेर चुनावमा मात्र केन्द्रित बहस देशका लागि पर्याप्त छैन । चुनाव त विगतमा पनि हुँदै आएको छ । तर, त्यसले निकास नदिएको सबैले देखिआएको कुरा हो । यो फरकलाई बुझ्नका लागि सोचको धरातल नै फरक हुन आवश्यक छ । विषयको महत्व र गाम्भीर्यता बुझ्न सर्बप्रथम हामीले विशाल र अत्यन्त शक्तिशाली दुईवटा छिमेकी राष्ट्रका बीच कुनै सानो भूभाग र सानो जन संख्या भएको नेपालको विशिष्ट अवस्थिति र परिस्थिति बुझ्न आवश्यक छ । विश्व परिदृश्यमा अहिले भारत र चीनको अवस्था २०, ३० वा ५० बर्षअघिको जस्तो छैन । अहिले नेपालको जस्तो शक्ति सन्तुलनविहीन क्षेत्रीय परिदृश्यमा विश्वका अन्य कुनै पनि मुलुक नरहेको तथ्यतिर ध्यान दिनु आवश्यक छ । यो यथार्थले नेपालको भल्नरेबिलिटी तिर प्रष्ट संकेत गर्छ ।

व्यापारका हिसाबले, उत्पादनको साधनमा नियन्त्रणका हिसाबले, सप्लाई चेनमाथि नियन्त्रणका हिसाबले, क्षेत्रीय सुरक्षा प्रबन्ध र जोखिमका हिसाबलेसमेत अहिले विश्वको ध्यान चीन र भारत वरिपरि छ । यस्तो संगीन स्थितिमा यी दुई देशका बीच सानो भूगोल समेटेको स्वतन्त्र राष्ट्र नेपालको अस्तित्वको वास्तविकताले धेरै बौद्धिक, अन्तरराष्ट्रिय सम्बन्द्ध वा सामरिक विषयका पण्डितहरूका दिमागमा चुनौती र सम्भावनाका खेलहरू र तानाबानाहरू बुन्नका लागि खुराक दिएको छ ।

खेलहरू विभिन्न कोणबाट खेलिन खोज्दै छ ।जसका कारण नेपालमाथि विभिन्नखाले चाखहरू मडारिएका छन् । कसैलाई नेपालको अवस्थिति समस्या भएको छ, कसैलाई यसले अवसर दिएको अनुभव भएको छ । तसर्थ, त्यस्ता विभिन्न शक्तिले नेपालका फरक शक्तिसँग सहकार्य गरिदिँदा अस्थिरता त रोगजस्तै बन्ने देखिएको छ । राजनीतिक शक्ति मात्रै चाहिएन, एउटा एनजीओलाई परिचालित गरेरै पनि बाह्य शक्तिले चाहेको कुरा हुने यो परिस्थिति भन्दा चिन्ताजनक के हुन सक्छ ?

अर्को कुरा, करिब यस्तै 'फायर सिट'मा अहिले संसारका अन्य कुनै पनि साना देश नरहेको कुराले यो समस्या नेपालको मात्र र विशिष्ट समस्या हो भन्ने जनाउँछ । तसर्थ, यसमा अरुबाट सिक्ने उदाहरण नै उपलब्ध छैन । यो एउटा गम्भीर र ताजुबको यथार्थ हो । अहिलेसम्मको ल्याकत हेर्दा नेपाली राजनीतिज्ञ, कुटनीतिज्ञ र नेपालका स्वतन्त्र बुद्धिजीवीहरूबाट समेत यो दिशामा आशालाग्दो कामको सुरुवात भएको वा अग्रसरता लिइएको अवस्था छैन । यस विषयलाई थप जटिल पारिदिने अर्को तत्व हो नेपालको अर्थतन्त्र र उत्पादनको स्वरुप । नेपाल निरन्तर रुपमा आयातमुखी देशका रुपमा विकसित हुँदै गएको छ । देशसँग किन्ने सामानको अनुपातमा बेच्ने वस्तु र सेवाहरूका बीच निकै असन्तुलन भएका कारण आयात र निर्यातमा १० गुनाको फरक हुन थालेको छ । त्यसमाथि त्यो अन्तरराष्ट्रिय व्यापार मुख्यत: भारतसँग निर्भर छ । यस्तो अत्यधिक र एकतर्फी निर्भरताको विभिन्न तहमा प्रभाव पर्नु स्वाभाविक हो ।

यस्तो निर्भरताका कारण नेपालले खाद्य सम्प्रभुता गुमाउँदै गएको छ । विषादीयुक्त निम्न गुणस्तरको खाद्य सामग्रीको आयातका कारण जनस्वास्थ्यमा चुनौती थपिँदो छ । र, भारत-निर्भरताको कारण अन्तरिक उद्यमशीलतामा कामै हुन सकेको छैन । यसैका कारण वस्तु आयात-निर्यातमा भारतको मनोमानी निरन्तर कायम छ र आपूर्ति श्रृंखला बेलाबेला भत्कने र त्यसैका कारण नेपालमा भारतप्रति समग्र विरोधी मनोविज्ञान विकास हुने क्रम पनि जारी छ ।

त्यसमाथि नेपालको राजनीतिमा भारतको दबाव वा हस्तक्षेपको सानो सुइँको मात्र पाएपछि त्यो कुरा नेपाललाई नै हलचल बनाउने विषय बन्ने गरेको छ । जसले गर्दा नेपालमा राजनीतिक उथल-पुथल त घटना मात्र हैन, संरचनात्मक प्रवृत्ति नै हुन गइरहेको छ र त्यसै कारण राजनीतिक संघर्ष फेरि पनि भइरहने सम्भावना जीवित देखिन्छ । अर्थतन्त्रको यो विशिस्ट स्थितिमा परिवर्तन नल्याई एउटा चुनावबाट मात्र नेपालले स्थिरता हासिल गर्न नसक्ने वस्तुगत परिस्थितितर्फ गहिरो चिन्तन हुन जरुरी देखिएको छ ।

तेश्रो बुँदा भनेको श्रम सम्बन्ध र मानव भूगोलको कुरा हो । नेपालको अहिलेको वार्षिक जीडीपीको करिब २० प्रतिशत भाग बैदेशिक रोजगारीबाट प्राप्त आम्दानीले ओगटेको छ । प्रविधि र उद्ध्यमशीलताको पिछौटेपनका कारण ठूलो हिस्सामा युवा वर्गले वैदेशिक रोजगारीलाई आफ्नो जीवन यापनको आधारका रुपमा अपनाउने प्रवृत्ति बढेको छ । र यो रेमिट्यान्स-ट्र्याप अर्को गम्भीर समस्याको विषय बन्दै गएको छ । यसको विभिन्न तहमा अर्थ-राजनीतिक महत्व छ । रेमिट्यान्सका कारण वर्षमा करिव २० खर्ब रुपैयाँ नेपाल भित्रने र त्यसका कारण अर्थतन्त्रमा अत्यधिक तरलताको स्थिति बनेको छ । त्यो तरलताका कारण अन्य क्षेत्रमा कुनै प्रगति गर्न नसके पनि सरकारलाई सामान्य खर्च धान्नका लागि गारो परेको छैन । फलत: कुनै सरकार दैनिक कारोबार धान्न नसकेर ढल्ने स्थिति पनि छैन ।

त्यसो भन्नुको मतलव त्यो रेमिट्यान्सका कारण पुरानो, निकम्मा कामचोर प्रशासन व्यवस्थामा परिवर्तन ल्याउन कुनै दबाव परेको छैन, बरु त्यसले भ्रष्ट कर्मचारीतन्त्र र भ्रष्ट व्यवस्था पालिरहेको अवस्था छ । अत्यधिक ठूलो युवा वर्गको जनसंख्या विदेशमा भएपछि देशभित्र सुसाशनको दबाव दिने समूहको कमी हुँदै गरेकाले सुशासन झन् झन् कमजोर हुँदैछ । उता रेमिट्यान्सका कारण बैंकमा थुप्रिएको रकम निश्चित बर्गको हातमा पुगेको र क्रमश: त्यो पुँजी वैदेशिक पलायन हुने गरेको देखिन्छ । राम्रो र उत्तरदायी मिडिया हुन्थ्यो भने गरिबले खाडीमा कमाएको पैसा पहुचवालाले बैंकबाट झिकेर विदेश पुऱ्याइरहेको झन् डरलाग्दो तस्बिर उदांगो हुने खतरा थियो । यो यथार्थको छिटपुट सूचनाका आधारमा समेत देश र विदेशमा बस्ने नेपालीहरू आन्दोलित र क्रुद्ध हुन पुगेका छन् । जसले एकपछि अर्को राजनीतिक घटना भड्काउने काम गरेको छ ।

यसमा जोडिएको चौथो पक्ष भनेको नेपालको शिक्षा, सोसल मिडियाको प्रभाव र मनोविज्ञानको हो । देशको समग्र शिक्षा र कुसाग्रता (आइक्यु) कमजोर रहेको भन्ने कुराको चर्चा हुने गरेकै छ । जुन देशमा शिक्षा र बौद्धिकता कमजोर हुन्छ त्यहाँको जनतामा सही र गलत छुट्याउने क्षमता कमजोर हुन्छ । त्यस्तो अवस्थामा सोसल मिडिया मार्फत डिपफेकको प्रभाव बढ्दै जाने र त्यसले जनताको मनोविज्ञानलाई एकदम बढी इमोसनल, आक्रोशित, र अस्थिर खालको बनाउन मद्दत गर्छ । र, त्यो स्थिति भनेको उग्रराष्ट्रवाद (जसमा तथ्यभन्दा मनोगत कुराको बाहुल्य हुन्छ) को मलजल गर्ने, छिटो छिटो परिवर्तनको माग गर्ने र आज पुरै एकातिर ढल्किएको जनमत भोलि नै पुरै अर्कोतर्फ ढल्किने अवस्था सिर्जना गर्ने कारक हुन् । ठीक यही कुरा अहिले नेपालमा हुँदै गरेको देखिएको छ ।

यसरी विभिन्न राष्ट्रिय अन्तर्राष्ट्रिय तत्वहरूको घुलन र टकरावका कारण नेपाली राज्य व्यवस्था र समाज अहिले निक्कै अशान्त हुनका साथै दबावमा परेको छ, जसको तात्कालिक र 'क्विक् फिक्स' खोजियो भने त्यो अर्को गल्ती हुनेछ । देशमा विगतदेखि नै एकपछि अर्को गर्दै चुनाव हुँदै गएको छ । तर जनताको उत्साहप्रद सहभागितामा चुनाव सम्पन्न भएको १-२ बर्षमै फेरि विरोध, र विद्रोह पनि हुने गरेको छ । तसर्थ चुनावसँगै नेपालले आफ्नो भू-राजनीतिक अवस्थितिलाई समस्या हैन, अवसरका रुपमा उपयोग गर्ने रणनीति र सीप विकास गर्ने, अर्थतन्त्रको स्वरुपमा परिवर्तन गर्दै भारत-निर्भरता कम गर्दै लाने, रेमिट्यान्स ट्र्यापबाट मुक्त हुने उपायहरूको खोजी गर्दै आन्तरिक उद्यमशीलताको प्रवर्धनमा जोड दिने, शिक्षाको विकास र जनतामा सिभिक एजुकेसनलाई प्रवर्धन गर्ने कार्यक्रम लागु गर्ने जस्ता कुरा गर्न सके क्रमश: सकारात्मक परिवर्तन हुँदै देश शान्त, प्रगतिमुखी र चेतना-नियन्त्रित बन्न सक्थ्यो कि भन्ने आशा गर्न सकिन्छ । नत्र, सोसल मिडियाको दुरुपयोगबाट जन्मने नौटंकीहरूको राज हुने र क्रमश: देशको सार्वभौमिकता र स्वतन्त्र अर्थ व्यवस्थासमेत धराशायी हुन गई 'फेल्ड स्टेट' यौटा तीतो यथार्थ बन्न सक्छ ।

*(साभार: न्यूज अफ नेपाल)*

# आशाको उज्यालो, निराशाको अँध्यारो

✍सुरेन्द्र नेपाल श्रेष्ठ

गत १५ वर्ष विश्वभर राजनीतिक अस्थिरता र जनअसन्तोषको लहर चल्यो । यसका मुख्य कारण जनताको असन्तोष, भ्रष्टाचारविरोध, आर्थिक संकट, मानवअधिकार उल्लंघन, गठबन्धन विघटन र सैन्य हस्तक्षेप रहेका छन् । कतिपय देशमा यी आन्दोलनले सरकार ढालेका छन् वा प्रधानमन्त्री र राष्ट्रपतिको पद परिवर्तन गराएका छन् । विशेषगरी एसिया, अफ्रिका, युरोप र ल्याटिन अमेरिकामा यस्ता गतिविधि निरन्तर देखिएका छन् । सन् २०१०-११ को अरब स्प्रिङबाट सुरु भएको यो लहरले ट्युनिसिया, इजिप्ट, लिबियाजस्ता देशमा तानाशाहहरू ढालेका थिए । त्यसपछि युरोपमा सरकारले खर्च घटाउने, कर बढाउने वा सार्वजनिक सेवामा कटौती गर्ने कदम (अस्टरिटी नीति)विरोधी आन्दोलन, ल्याटिन अमेरिकामा आर्थिक संकटविरोधी प्रदर्शन, अफ्रिकामा भ्रष्टाचार र निर्वाचन धाँधलीविरोधी आन्दोलन अनि एसियामा युवा नेतृत्वका विद्रोहहरू भएका छन् ।

विश्वभर हुने प्रदर्शन, विरोध र आन्दोलनहरूको तथ्यांक संकलन र विश्लेषण गर्ने डेटाबेस ,कार्नेगी इन्डोमेन्टको ग्लोबल प्रोटेस्ट ट्र्याकरका अनुसार सन् २०१७ देखि मात्र १४७ भन्दा बढी देशमा ठुला विरोध प्रदर्शन भएका छन् । सन् २०२४ मा मात्र ७० भन्दा बढी देशमा सक्रिय आन्दोलन भएका थिए । श्रीलंकामा उथल पुथल, बंगलादेशमा छात्र नेतृत्वको आन्दोलनले शेख हसिना सरकार ढालेको थियो, केन्यामा करविरोधी प्रदर्शन र सर्बियामा भ्रष्टाचार विरोधी आन्दोलन केही उदारहण हुन् ।

सन् २०२५ मा पनि यो क्रम वैधानिक रूपमा नै जारी रह्यो । विश्वभर ५८ भन्दा बढी देशमा राष्ट्रियस्तरका चुनाव भएका थिए । जसमा राष्ट्रपतीय, संसदीय वा दुवै प्रकारका निर्वाचन समावेश थिए । यी चुनावहरूमा धेरैजसो पुराना सत्ताधारी दलहरूले हार बेहोरेका थिए । तेस्रो विश्वका देशहरूमा मात्र हैन विकसित देशहरू जस्तै बेलायत (कन्जर्भेटिभको ऐतिहासिक हार), जापान (लिबरल डेमोक्र्याटिक पार्टीको बहुमत गुमाएको), दक्षिण अफ्रिका (एएनसीको बहुमत समाप्त) र अमेरिका (डेमोक्र्याटको हार) मा पनि सत्तापरिवर्तनको बहार आयो ।

घटनाहरूले के देखाउँछन् भने जनताको असन्तोष अब सीमित क्षेत्रमा मात्र होइन, विश्वव्यापी बनेको छ । आर्थिक असमानता, महँगी, बेरोजगारी, भ्रष्टाचार र प्रजातान्त्रिक अधिकारको अभाव मुख्य कारक बनेका छन् । युवा पुस्ता (जेनजी) ले सामाजिक सञ्जालको प्रयोग गरेर यी आन्दोलनलाई तीव्र बनाएका छन्, जसलाई कतिपयले जेनजी विद्रोह भन्ने गरेका छन् । तर धेरै आन्दोलनले दीर्घकालीन परिवर्तन ल्याउन सकेका छैनन । कतिपयमा हिंसा बढेको छ वा नयाँ समस्या उत्पन्न भएका छन् ।

यो विश्वव्यापी असन्तोषले पुराना राजनीतिक दल र नेतृत्वप्रति जनविश्वास घट्दै गएको प्रमाणित गर्छ । नयाँ शक्ति उदाउने अवसर बढेको छ, तर तिनीहरूले पनि संगठन, नीति स्पष्टता र शासन क्षमता नदेखाएमा छोटो आयुको हुने सम्भावना रहन्छ । विश्व राजनीति अब अझ अस्थिर र परिवर्तनशील बन्दै गएको छ । विश्वका धेरै देशमा परम्परागत राजनीतिक दलहरू सत्ता, भ्रष्टाचार, नातावाद र जनविमुख नीतिका कारण बदनाम बन्दै जाँदा नयाँ राजनीतिक शक्तिहरू जन्मिएका छन् । ती शक्तिहरूले 'हामी फरक छौँ', 'पुराना जस्तै हुँदैनौं' भन्ने नारासहित जनताको ठुलो अपेक्षा बोकेर राजनीतिमा प्रवेश गर्दछन् । कतिपय त सरकारसम्म पुगे, ऐतिहासिक जित हासिल गरेका पनि छन् । तर विडम्बना धेरै पार्टीहरू केही वर्षमै कमजोर अनि विभाजित भएर लगभग हराएका छन् ।

केही उदाहरणका रूपमा पेरुको पेरु लिब्रे, इटालीका इटालिया भिभा र फाइभ स्टार मुभ्मेन्ट (M5S), फ्रान्सको ला रेपुब्लिक एन मार्च, स्पेनका पोडेमोस र सियुदादानोस, जर्मनीको पाइरेट पार्टी र बेलायतको युकीप लगायतका पार्टीहरू हुन् । यी सबै दलहरू अलग-अलग भौगोलिक, सांस्कृतिक र वैचारिक पृष्ठभूमि भएका भए पनि, उनीहरूको उदय, सत्ता प्राप्ति र पछि कमजोर हुने प्रक्रिया समान र सिक्नयोग्य छन् । पेरु लिब्रे, जसलाई 'फ्री पेरु' पनि भनिन्छ, २०१६ मा स्थापित भएको वामपन्थी पार्टी हो । यसले ग्रामीण, गरिब र पिछडिएका वर्गलाई प्रतिनिधित्व गर्ने लक्ष्य राख्यो र भ्रष्टाचार र पुराना दलप्रति असन्तोषको फाइदा उठाउँदै राजनीतिक मञ्चमा उदायो । २०२१ मा पेद्रो कास्तिलोको नेतृत्वमा पार्टीले राष्ट्रपतीय चुनाव जितेर सत्ता सम्हाले । पार्टीले शिक्षा सुधार, कृषि पूर्वाधार विकास र गरिब वर्गको सामाजिक सुरक्षा विस्तारमा ध्यान दियो । सुरुमा पार्टीले ग्रामीण र पिछडिएका क्षेत्रहरूमा ठुलो लोकप्रियता पायो, तर प्रशासनिक अनुभवको कमी, आन्तरिक विवाद, भ्रष्टाचार आरोप र नीति अस्पष्टताका कारण जनविश्वास घट्यो । कास्तिलोमाथि प्रत्यक्ष र अप्रत्यक्ष विरोध आयो र दीर्घकालीन नीति अभावले पार्टीको प्रभाव सीमित भयो ।

इटालीमा इटालिया भिभा २०१९ मा पूर्व प्रधानमन्त्री मात्तेओ रेन्जीको नेतृत्वमा स्थापित भयो । यो मध्यमार्गी, उद्यमी केन्द्रित पार्टीले पुराना डेमोक्रेटिक पार्टीबाट असन्तुष्ट सांसदहरूको समर्थन पायो र गठबन्धनमार्फत सत्तामा प्रभाव देखायो । तर इटालिया भिभाले स्थायी जनाधार निर्माण गर्न सकेन, यसको नीति उद्यम, आर्थिक सुधार र नवप्रवर्तनमा केन्द्रित भए पनि स्पष्ट वैचारिक दिशा र दीर्घकालीन रणनीति नहुँदा पार्टी अल्पकालीन प्रभावमा सीमित रह्यो । व्यक्तिगत नेता केन्द्रित राजनीति र कमजोर ग्रासरुट्स संगठन यसको पतनका मुख्य कारण बने । त्यस्तै इटालीमा नै फाइभ स्टार मुभ्मेन्ट (M5S) २००९ मा हास्यकलाकार र सामाजिक आलोचक बेप्पे ग्रिल्लोद्वारा स्थापित भएको थियो । पार्टीले भ्रष्टाचार, पुराना दलको असफलता र सामाजिक असमानता विरोधमा डिजिटल माध्यम र प्रत्यक्ष जनमतमार्फत जनतालाई आकर्षित गऱ्यो । २०१८ मा M5S ले संसदीय चुनावमा ठुलो सफलता हासिल गरी सरकारमा प्रवेश गऱ्यो । सुरुमा यसले युवा र असन्तुष्ट मतदाताको ठुलो समर्थन पायो र भ्रष्टाचार नियन्त्रण, सरकारी खर्चमा पारदर्शिता र न्यूनतम आम्दानी विस्तारमा ध्यान दियो । तर नेतृत्व विवाद, नीति अस्पष्टता र अनुभवहीनताका कारण यसको विद्रोही छवि कमजोर भयो र अहिले M5S मुख्य रूपमा विपक्षी दलको रूपमा रहँदै आएको छ ।

अन्य युरोपेली उदाहरणहरू पनि यस्तै प्रवृत्ति देखाउँछन् । फ्रान्समा ला रेपुब्लिक एन मार्च (M5S), जसलाई इमानुएल माक्रौं ले २०१६ मा स्थापित गरे र तुरुन्तै राष्ट्रपति र संसदीय बहुमत प्राप्त भयो । तर सांगठानिक कमजोर आधार र येलो भेस्ट आन्दोलन ले जनविश्वासमा चुनौती पैदा गऱ्यो । दोस्रो पटक निर्वाचन जिते पनि प्रधानमन्त्री फेरिँदैमा समय बितेको छ ।अर्को चुनावमा उनको पार्टीले जित्ने सम्भावना देखिँदैन । स्पेनमा पोडेमोस र सियुदादानोस आर्थिक संकट र बेरोजगारीको विरोधमा उदाए तर आन्तरिक विवाद, अस्पष्ट नीति र गठबन्धन रणनीति अभावका कारण उनीहरू अल्पकालीन प्रभावमा सीमित भए ।

जर्मनीको पाइरेट पार्टी डिजिटल अधिकार र पारदर्शिताको प्रतीक बने तर अनुभव र नीति अभावका कारण स्थायी प्रभाव कायम राख्न सकेन । बेलायतमा युकीपको मुख्य उद्देश्य ब्रेक्सिटको जनमतसंग्रहमा जित्नु थियो । त्यसपछि पार्टी पटक-पटक फेरिएर अहिले फेरि रिफर्मको नाममा नाइजल फराज देखापरेका छन् ।

ब्राजिलमा मजदुर आन्दोलन र वामपन्थी अभियानबाट सत्तामा आएको वर्कर्स पार्टीको दिल्मा रुसफ सरकार २०१६ मा आर्थिक मन्दी र भ्रष्टाचार काण्डपछि बिचमै पतन भयो । चिलीमा २०१९ को विशाल जनआन्दोलनपछि बनेको नयाँ वाम गठबन्धनले गाब्रिएल बोरिचलाई सत्तामा त ल्यायो, तर संविधान संशोधन असफल भएपछि सरकार छिट्टै कमजोर अवस्थामा पुग्यो । इक्वेडोरमा आदिवासी र सामाजिक आन्दोलनको समर्थनमा बनेका सरकारहरू (विशेषत: २००० को दशकपछि) स्थिर रहन सकेनन् र बारम्बार परिवर्तन भए ।

ग्वाटेमालामा भ्रष्टाचारविरोधी आन्दोलनबाट उदाएका नेताहरू छोटो समयमै पुराना शक्ति संरचनासँग टकराएर कमजोर बने । यी सबै उदाहरणले देखाउँछन् कि आन्दोलनबाट सत्ता पुग्नु सम्भव भए पनि संस्थागत तयारी, नीति स्पष्टता र दीर्घकालीन संगठनबिना सरकार टिकाउन अत्यन्त कठिन हुन्छ । भारतको अनुभव पनि यही सत्यको पुष्टि हो । आम आदमी पार्टीजस्ता दलहरूले क्षेत्रीय तहमा ठोस काम देखाए पनि राष्ट्रियस्तरमा संगठन, वैचारिक स्पष्टता र आन्तरिक स्थायित्वको अभावले गति गुमाएका छन् । तेलुगु देशम पार्टी, जनता दल र अन्य आन्दोलनजन्य दलहरू पनि समयसँगै गुटबन्दी, व्यक्तिकेन्द्रित नेतृत्व र अवसरवादी राजनीतिका कारण कमजोर बनेका छन् ।

यी सबै उदाहरणहरूले विश्वव्यापी रूपमा केही साझा राजनीतिक सत्य उजागर गर्छन् । राजनीतिमा आशा प्राय: उज्यालोझैँ देखिन्छ । नयाँ अनुहार, नयाँ नारा र परिवर्तनका सपना बोकेर आउने शक्तिले जनतामा उत्साह जगाउँछ । पुराना दलप्रतिको निराशा, अन्याय र असमानताले थिचिएका नागरिकहरू त्यही उज्यालोतर्फ आकर्षित हुन्छन् । तर जब त्यो आशा संस्थागत तयारी, स्पष्ट नीति र व्यवहारिक क्षमतासँग जोडिँदैन, उज्यालो बिस्तारै ओझेल पर्न थाल्छ र निराशाको अँध्यारो फैलिन थाल्छ । आन्दोलनबाट जन्मिएको उत्साह सत्ता पाउनेसम्म बलियो हुन्छ, तर शासन सुरु भएपछि वास्तविक चुनौती देखापर्छ । वाचा पूरा नहुँदा, आन्तरिक द्वन्द्व बढ्दा र निर्णयहरू व्यक्तिकेन्द्रित हुँदा जनविश्वास खस्किन्छ । त्यसबेला आशाको उज्यालो क्षणिक देखिन्छ र निराशाको अँध्यारो दीर्घकालीन बन्छ । यसैले राजनीतिमा साँचो उज्यालो केवल नारा वा व्यक्तित्वमा होइन, बलियो संस्था, सामूहिक नेतृत्व र दीर्घकालीन दृष्टिमा बस्छ । त्यही आधारबिना, आशा बारम्बार जन्मिए पनि अन्तत: निराशामै हराउने खतरा रहिरहन्छ ।

*(साभार: न्यूज अफ नेपाल)*

# म्यान मकवानपुरको वरिष्ठ उपाध्यक्षमा त्रिपाठी निर्वाचित



साझाकुरा संवाददाता

हेटौंडा, २६ पुस/ मोवाइल एशोसियसन अफ नेपाल (म्यान) मकवानपुरको १४ औं वार्षिक साधारणसभा शनिवार भएको छ ।

एशोसियसनका अध्यक्ष हरिप्रसाद न्यौपानेको सभाध्यक्षता तथा नेपाल मोवाइल व्यवसायी महासंघका केन्द्रीय अध्यक्ष भरत भट्टराईको प्रमुख आतिथ्यतामा सभा भएको हो । एशोसियसनका वरिष्ठ उपाध्यक्ष राजकुमार दाहालले राजिनामा दिएपछि रिक्त रहेको पदमा निर्वाचन भएको हो । निर्वाचनमा कुमारमणि त्रिपाठीले ४५ मत प्राप्त गर्दै निर्वाचित भएको निर्वाचन आयुक्त नवराज चौलागाइले बताएका छन् । अर्का उम्मेदवार विज्ञान घिमिरेलाई पराजित गर्दै त्रिपाठी विजयी भएका हुन् ।

घिमिरेले ३६ मत प्राप्त गरे । घिमिरे म्यान मकवानपुरको संस्थापक सचिव समेत हुन् । निर्वाचन कार्यक्रममा ८२ मत खसेको थियो । जसमा १ मत बदर भएको चौलागाइले बताए । रिक्त रहेको सदस्य पदमा भने जर्नादन न्यौपाने सर्व सम्मत चयन भएका छन् । दुवै जनालाई निर्वाचन आयुक्त चौलागाईले सपथ खुवाएका थिए । सभामा मकवानपुर उद्योग वाणिज्य संघका उपाध्यक्ष राजु अधिकारी, महासङ्घका उपाध्यक्ष एवम् म्यानका संस्थापक अध्यक्ष छतेन्द्र आचार्य, चितवन मोवाइल व्यवसायी संघका अध्यक्ष श्रीधर रेग्मी, नेपाल पत्रकार महासंघका अध्यक्ष बालकृष्ण अधिकारी, म्यानका पूर्वअध्यक्ष दिनेश लामा, पश्चिमी शाखाअध्यक्ष रुद्रबहादुर मुक्तानलगायतले भनाइ राखेका थिए ।

सभामा महासंघ बागमती प्रदेश कोषाध्यक्ष रतन भट्ट, म्यान मकवानपुर निवर्तमान अध्यक्ष नवराज चौलागाइलगायतको आतिथ्यता रहेको थियो । सभामा प्रस्तुत गरिएको प्रगति प्रतिवेदन, आर्थिक प्रतिवेदन सर्वसम्मत पास गरिएको थियो ।

# पिप्लेपोखरा सामुदायिक वनको भेला सम्पन्न

साझाकुरा संवाददाता

हेटौंडा, २६ पुस/ हेटौंडा-५ मा रहेको पिप्लेपोखरा सामुदायिक वन उपभोक्ता समूहको २६ औ वार्षिक साधारणसभा शनिवार भएको छ ।

हेटौंडा-५ का वडाअध्यक्ष सुशील घिमिरेको प्रमुखआतिथ्यता एवम समूहका अध्यक्ष रामहरि चौलागाईको सभाध्यक्षतामा साधारण सभा भएको हो । समूहका अध्यक्ष चौलागाईले प्रगति तथा यस आर्थिक वर्ष २०८२/८३ को लागि १ करोड २९ लाख ४२ हजार ८९२ को अनुमानित आयब्यय विवरण र कोषाध्यक्ष रीता आचार्यले लेखापरीक्षण प्रतिवेदन पेश गरेका थिए । साधारण सभामा समूहको विकास र विस्तारमा योगदान गर्ने विभिन्न ब्यक्तिलाई पुरस्कृत गरिएको थियो ।

बागमती प्रदेश वन निर्देशनालय वनअधिकृत सविना रिजाल, डिभिजन वन कार्यनलय, मकवानपुरका सवईन्जिनियर निशान शर्मा, सीधाखबर डटकमका श्रीराम अर्जुन, श्रमजिवी महिला हस्तकला संघकी अध्यक्ष विष्णु राई, उत्कृठ कार्यसमिति सदस्य बालकुमारी अधिकारी, सानुसिह ठकुरीलगायतलाई पुरस्कृत गरिएको थियो ।

मकवानपुरगढी-४ का वडाअध्यक्ष अर्जुनप्रसाद तिमल्सिना, हेटौंडा-५ का वडासदस्य रामबहादुर राई, सामुदायिक वन उपभोक्ता महासंघ, मकवानपुरका अध्यक्ष साधुराम चौलागाई, स्थानीय महासंघ हेटौंडाका अध्यक्ष शम्भुप्रसाद न्यौपाने, बागमती प्रदेश वन निर्देशनालयका वनअधिकृत टंकनारायण श्रेष्ठ, डिभिजन वन कार्यालय, मकवानपुरका वनअधिकृत बसन्तराज गौतम, न्यूरेनी चिसापानी सामुदायिक वनका अध्यक्ष प्रकाश कार्की, बनस्खण्डीदेवी सामुदायिक वनका अध्यक्ष भवसागर श्रेष्ठ, रानी सामुदायिक वनका उपाध्यक्ष महेन्द्रकुमार श्रेष्ठ, समूहका सल्लाहकार केशव श्रेष्ठ, एमबहादुर श्रेष्ठ समूहका उपाध्यक्ष बद्रीप्रसाद लम्साल, सचिव शारदाकुमारी अधिकारी, उपभोक्ता, सञ्चारकर्मी लगायतको उपस्थिति रहेको थियो । २ सय ९ हेक्टर क्षेत्रफलमा फैलिएको यस सामुदायिक वनमा १ हजार ६ सय घरधुरी आवद्व छन् ।

# बीउ व्यवसायी संघ र विषादि व्यवसायी संघको संयुक्त साधारणसभा




साझाकुरा संवाददाता

हेटौंडा, २६ पुस/नेपाल बीउ व्यवसायी संघ जिल्ला समन्वय समिति मकवानपुरको ११ औं वार्षिक साधारण सभा र विषादि व्यवसायी संघ नेपाल जिल्ला समन्वय समिति मकवानपुरको दोस्रो वार्षिक साधारणसभा हेटौंडामा सम्पन्न भएको छ ।

शनिवार नेपाल बीउ व्यवसायी संघ मकवानपुरका अध्यक्ष कृष्णकाजी प्रधानको सभाध्यक्षतामा र कृषि विकास कार्यालय भरतपुरका प्रमुख झलकनाथ कंडेलको प्रमुख आतिथ्यतामा कार्यक्रम भएको हो । साधारणसभामा शुभकामना व्यक्त गर्दै प्रमुख कंडेलले सिँचाई, माटो र मलको अवस्था यथास्थितिमा रहेको भएपनि बीउको गुणस्तर राम्रो भए १५ देखि २० प्रतिशत उत्पादनमा वृद्धि हुनसक्ने बताएका छन् । उनले कृषिको समृद्धिका लागि बीउ र विषादिको महत्वलाई उल्लेख गर्दै ७५ प्रतिशत योगदान व्यवसायीको हुने उल्लेख गरे ।

प्रमुख कंडेलले बीउ व्यवसायी अनुमतिपत्रको नवीकरणको विषयमा ऐनमा भएको प्रावधानमा सहजीकरण गर्ने विषयमा पनि जानकारी दिए । उनले बीउ व्यवसायी र विषादि व्यवसायीले उठाएका मागको समाधान गर्ने प्रतिवद्धता व्यक्त गरेका छन् । साधारणसभामा नेपाल बीउ व्यवसायी संघ मकवानपुरका अध्यक्ष प्रधानले अध्यक्षको प्रतिवेदन प्रस्तुत गरे भने विषादि व्यवसायी संघ मकवानपुरका सचिव नेत्रप्रसाद ढुंगेल र नेपाल बीउ व्यवसायी संघका सचिव फेन्चु रुम्बाले प्रतिवेदन प्रस्तुत गरेका थिए ।

कार्यक्रममा नेपाल बीउ व्यवसायी संघका महासचिव तथा विषादि व्यवसायी संघका पूर्वसचिव विश्वराज बानियाँ, नेपाल बीउ व्यवसायी संघका केन्द्रीय सदस्य रमेश अर्याल, नेपाल बीउ व्यवसायी संघ बागमती प्रदेशका अध्यक्ष हरिशरण अर्याल लगायतको आतिथ्यता थियो ।

# जिल्लास्तरीय महिला शिक्षक भलिबल प्रतियोगिता सुरु



साझाकुरा संवाददाता

हेटौंडा, २६ पुस/ हेटौंडा-९ स्थित प्रगति माविको स्वर्णजयन्तीको अवसरमा शनिबार देखि जिल्लास्तरीय महिला शिक्षक भलिबल प्रतियोगिता सुरु भएको छ ।

शनिबार ९ नं. वडाअध्यक्ष शुकराम केसीको प्रमुख आतिथ्यता एवम् विद्यालयका प्रधानाध्यापक किशोर पराजुली, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष ज्ञानेन्द्र लामिछाने, पत्रकार महासंघ मकवानपुरका अध्यक्ष बालकृष्ण अधिकारी लगायतको उपस्थितिमा भलिबल प्रतियोगिता सुरु भएको हा । आइतबार सम्पन्न हुने प्रतियोगितामा जिल्लाभरमा सामुदायिक र संस्थागत गरी १९ वटा विद्यालयको सहभागिता रहेको छ । शनिबार सम्पन्न १५ खेलबाट सेमिफाइनलमा पुग्ने ४ वटा टोलीको टुंगो लागिसकेको छ ।

आइतबार हुने पहिलो सेमिफाइनल खेल प्रगति मावि हेटौंडा-९ र रुपानारायण मावि गढी तथा दोश्रो सेमिफाइनल जिएस निकेतन र श्रीकृष्ण आदर्श सेकेण्डरी स्कुलबीच हुनेछ । फाइनल खेल पनि आइतबार नै हुनेछ । भलिबल प्रतियोगिताको उपाधि बिजेताले नगद १५ हजार, उपबिजेताले नगद १० हजार र तेस्रो स्थान हासिल गर्ने नगद ५ हजार सहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछ भने सर्वोकृष्ट खेलाडीले पनि प्रमाणपत्र प्राप्त गर्नेछ ।

# लक्ष्मीनारायण दुग्ध सहकारीको साधारणसभा



साझाकुरा संवाददाता

हेटौंडा, २६ पुस/ हेटौंडा-१७, गैरीगाउँमा रहेको लक्ष्मीनारायण दुग्ध उत्पादक सहकारी संस्थाको २४ औं वार्षिक साधारणसभा शनिबार भएको छ ।

संस्थाका जेष्ठ सेयरसदस्य कुलप्रसाद दुलालको प्रमुख आतिथ्यता तथा सहकारीका अध्यक्ष अर्जुनप्रसाद देवकोटाको सभाध्यतामा साधारणसभा भएको हो ।

कार्यक्रम संस्थाका अध्यक्ष देवकोटाले संस्थागत प्रतिवेदन र लेखासमिति संयोजक दामोदर तिम्लसिनाले लेखा समितिको प्रतिवेदन पेश गरेका थिए । हेटौंडा-१७ का वडासदस्य नवराज न्यौपाने, लेखकुमारी तिम्लसिना, कामधेनु सहकारीका अध्यक्ष उदय बिडारी, शेयर सदस्य दामोदर दाहालगायतले मन्तव्य व्यक्त गरेका थिए । सहकारीले विभिन्न व्यक्तिलाई सम्मान गरेको थियो ।

सहकारीलाई माइक्रोस्कोप सहयोग गर्ने अभिनास दाहाल, वर्षभरी धेरै र गुणस्तरीय दुध बिक्री गर्ने कुमारमणि दाहाल, विष्णुप्रसाद आचार्य, भूमिनन्द सुवेदी, दामोदर तिम्लसिना, उमेश राई, टीकाप्रसाद तिम्लसिना, सम्पदप्रसाद दाहाल, चित्रकुमारी तिम्लसिना, निला अधिकारीलाई क्यान र क्याल्सियम प्रदान गर्दै सम्मान गरेको हो । सहकारी संस्थामा १ सय ९६ जना शेयरसदस्य आवद्ध रहेको व्यवस्थापक टीकाराम न्यौपानेले बताए ।

# मनहरीमा रनिङशील्ड प्रतियोगिता सुरु




साझाकुरा संवाददाता

हेटौंडा, २६ पुस/ मनहरी गाउँपालिका विद्यालयस्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता २०८२ शनिबारबाट सुरु भएको छ । मनहरी गाउँपालिकास्तरीय प्रतियोगितामा पालिकाभित्रका १७ वटा संस्थागत तथा सामुदायिक विद्यालयले ३२ वटा गोल्डमेडलको लागि प्रतिस्पर्धा गर्नेछन् ।

मनहरी गाउँपालिकाको आयोजना तथा पशुपतिनाथ माध्यमिक विद्यालय मनहरी-४ को समन्वयमा प्रतियोगिता शनिबार र आइतबार दुई दिन सन्चालन हुनेछ । मनहरी गाउँपालिकाले प्रतियोगिता सन्चालनको लागि २ लाख रुपैयाँ छुट्याएको छ । १६ वटा बिधामा छात्र/छात्रा गरी ३२ वटा स्वर्णपदकको लागि प्रतिस्पर्धा हुनेछ । प्रतियोगितामा सामुदायिक तर्फ १० वटा माध्यमिक र ४ वटा आधारभूत विद्यालय र संस्थागततर्फ ३ वटा गर १७ वटा विद्यालय प्रतिस्पर्धामा रहने छन् ।

प्रतियोगिताको उद्घाटन मकवानपुर जिल्ला समन्वय समिति प्रमुख ललितबहादुर घलानले गरेका हुन् । विद्यालय तहको सबैभन्दा ठूलो खेल महोत्सवका रुपमा रहेको राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताले राष्ट्रिय खेलाडी उत्पादनमा महत्वपूर्ण योगदान दिने प्रमुख अतिथि घलाले बताए । खेलाडी उत्पादन गर्ने पहिलो खुड्कीलो भनेकै विद्यालय भएका कारण सबैले विद्यालय तहमा हुने खेलकुदमा चासो दिनुपर्ने उनले बताए ।

जिल्ला समन्वय उपप्रमुख सानुकाजी लुईटेलले विद्यार्थी जीवनमा हरेक खालका संघर्ष गर्दै खेलक्षेत्रमा लाग्न र खेलकुदसँगै अध्ययनलाई पनि साथमै अघि बढाउन आग्रह गरे ।

मनहरी गाउँपालिका उपाध्यक्ष सीता पुलामीमगर, मनहरी गाउँपालिका-४ का वडाअध्यक्ष प्रकाश थापा, मनहरी गाउँपाकिला शिक्षा शाखाप्रमुख प्रदीप पराजुली, पशुपतिनाथ माविका विद्यालय ब्यवस्थापन समिति अध्यक्ष माधव गौतमलगायतले बोलेका थिए ।

# मकवानपुरका कवि किसन पौडेल प्रथम




साझाकुरा संवाददाता

हेटौंडा, २६ पुस/साहित्य सगंम मकवानपुरको ३९ औं वार्षिकोत्सवको अवसरमा आयोजित तेस्रो राष्ट्रिय पर्यावरण खुला कविता प्रतियोगितामा मकवानपुरका कवि किसन पौडेल प्रथम भएका छन् ।

पौडेलको 'दोहन' शीर्षकको कविताले प्रथम स्थान हासिल गर्दै ३० हजार रुपैयाँ नगद पुरस्कार प्राप्त गरेका छन् । यस्तै, कैलालीका कवि मोहित जोशीको 'समयको अन्त्यको किनारामा उभिएर' शीर्षकको कविता द्वितीय भएको छ । उनले २० हजार रुपैयाँ नगद प्राप्त गरे । सुनसरीका कवि किरण सिवाको मौन प्रकृतीले तृतीय स्थान हासिल गरेको छ । सिवाले १० हजार रुपैयाँ नगद पुरस्कार पाए ।

त्यसैगरी, काठमाडौंकी कवि यशोधा अधिकारीको 'धरतीको विघटन' र तनहुँका कवि नरोत्तम श्रेष्ठको 'बीउको रक्तिम घोषणापत्र' शीर्षकको कविताले सान्त्वना पुरस्कार प्राप्त गर्न सफल भएको छ । सान्त्वना पुरस्कार जनही ५ हजार रुपैयाँ रहेको छ । देशभरबाट प्राप्त १ सय ६४ वटा कवितामध्ये उत्कृष्ट १० कविका कविता अन्तिमचरणमा वाचन गरिएको साहित्य संगम मकवानपुरकी सचिव रजनी पौडेलले बताइन् । प्रतियोगिताको निर्णायक मण्डलमा निमेष निखिल र विजय हितान रहेका थिए ।

प्रतियोगितामा सहभागी कविहरुले पर्यावरण संरक्षण, जलवायु परिवर्तन, प्रकृति र मानवीय जिम्मेवारीजस्ता विषयमा केन्द्रित कविता प्रस्तुत गरेका थिए । कार्यक्रममा हेटौंडा उपमहानगरप्रमुख मीनाकुमारी लामा प्रमुख अतिथिका रुपमा सहभागी थिइन् । वार्षिकोत्सवको अवसरमा नेपाली साहित्यमा पर्यावरण चेतनाको भूमिका विषयमा बहस कार्यक्रम पनि आयोजना गरिएको थियो । बहस कार्यक्रममा पर्यावरण साहित्य अभियन्ता तथा वातावरणविद् विजय हितान, अंग्रेजी तथा नेपाली साहित्य लेखन प्रशिक्षक तथा अंग्रेजी भाषाविद् ईश्वर कँडेल, तथा प्रखर समालोचक डा. घनश्याम घिमिरेले आआफ्ना धारणा राखेका थिए ।

बहसको सहजीकरण सुवास खनालले गरेका हुन् । वक्ताहरुले साहित्यमार्फत पर्यावरण संरक्षणको सन्देश प्रभावकारीरुपमा प्रवाह गर्न सकिने उल्लेख गर्दै समकालीन साहित्यले प्रकृति र वातावरणका सवाललाई प्राथमिकतामा राख्नुपर्नेमा जोड दिएका थिए । साहित्य सगंम मकवानपुरका अध्यक्ष डिबी बर्तौलाको अध्यक्षतामा कार्यक्रम भएको हो ।

# आयल निगमको खुद नाफा साढे १३ अर्ब, अब हाइड्रोजन र पब्लिक सेयर तयारी

काठमाडौं/नेपाल आयल निगमले गत आर्थिक वर्ष २०८१/८२ मा साढे १३ अर्ब रुपैयाँभन्दा बढी खुद नाफा कमाएको तथ्यांक सार्वजनिक गरेको छ । निगमका कार्यकारी निर्देशक डा. चण्डिकाप्रसाद भट्टले आयल निगमले आर्थिक सबलताको सफल यात्रा तय गरेको भन्दै शनिबार ५६औं वार्षिकोत्सवमा खुद नाफाको तथ्यांक सार्वजनिक गरेका हुन् ।



कार्यक्रममा उनले निगमको अहिलेको व्यावसायिक उचाइको श्रेय स्वचालित मूल्य समायोजन र सुदृढ पूर्वाधार विकासलाई दिए । निगमले गत आव ३ खर्ब ६७ अर्ब रुपैयाँको कुल कारोबार गरेको थियो । उक्त अवधिमा १३ अर्ब ६७ करोड रुपैयाँ बराबर खुद नाफा आर्जन गर्न सफल भएको डा. भट्टले बताए । निगमले १ खर्ब २४ अर्ब रुपैयाँ बराबरराजस्व योगदान गरेको छ ।

कार्यकारी निर्देशक भट्टले २०७१ सालमा सुरु गरिएको 'स्वचालित मूल्य प्रणाली' नै निगम इतिहासमा सबैभन्दा महत्त्वपूर्ण कोशेढुंगा सावित भएको र यसैका कारण निगम आज आर्थिक रूपमा मजबुत बनेको उल्लेख गरे । निगमले पछिल्ला वर्षहरूमा पूर्वाधार विकासमा उल्लेख्य उपलब्धि हासिल गरेको जनाएको छ । मोतिहारी-अमलेखगञ्ज ७२ किलोमिटर पेट्रोलियम पाइपलाइन र अमलेखगञ्जमा १७ हजार किलोलिटर क्षमताको भण्डारण गृह सञ्चालनमा आइसकेको छ ।

यसबाट ढुवानी खर्च बचत भई उपभोक्ताले प्रतिलिटर २ रुपैयाँ सस्तोमा इन्धन पाउन सम्भव भएको डा. भट्टको भनाइ छ । यसैगरी, पोखरामा ३ हजार ६ सय किलोलिटर क्षमताको हवाई इन्धन भण्डारण गृह निर्माण सम्पन्न भएको छ । 'प्रविधितर्फ निगमले अमलेखगञ्ज, भैरहवा र थानकोट डिपोमा 'फ्लो मिटर' जडान गरेर तेल चोरी र चुहावट नियन्त्रणमा पारदर्शिता ल्याएको छ,' उनले भने, 'ईआरपी प्रणालीमार्फत व्यवसायीले मोबाइलबाटै तेल अर्डर गर्न सक्ने व्यवस्था मिलाइएको छ, जसले मानवीय हस्तक्षेप घटाएको छ ।'

उनका अनुसार निगमले अब परम्परागत इन्धन व्यापारबाट माथि उठेर क्लिन इनर्जी र विविधीकरणतर्फ लाग्ने योजना बनाएको छ । यस अन्तर्गत पेट्रोलमा इथानोल मिसाउने सरकारको नीतिलाई यसै वर्षदेखि कार्यान्वयनमा लगिने छ भने काठमाडौं विश्व विद्यालयसँगको सहकार्यमा हरित हाइड्रोजनको व्यावसायीकरण गरी सन् २०४५ सम्म शून्य कार्बन उत्सर्जन लक्ष्यमा सघाउ पुर्याइने छ ।

पूर्वाधारतर्फ सिलिगुडी-चारआली र मोतिहारी-सर्लाही एलपीजी पाइपलाइन निर्माणका लागि भारतीय पक्षसँग छलफल अघि बढाइएको कार्यकारी निर्देशक भट्टले बताए ।

यस्तै सुरक्षा जोखिममा रहेका सिनामङ्गल, भैरहवा र धनगढीका डिपो स्थानान्तरण गरिने छ भने डिपो नभएको कर्णालीमा नयाँ डिपो निर्माण प्रक्रिया सुरु गरिएको छ । दुर्गमका ३७ स्थानमा नयाँ पेट्रोल पम्प खोलेर बोतलको महँगो इन्धन किन्नुपर्ने बाध्यता अन्त्य गर्ने लक्ष्य लिएको निगमले संस्थालाई पब्लिक लिमिटेडमा लगेर सर्वसाधारणका लागि सेयर जारी गर्ने र ४ सय ५० किलोको ठूलो सिलिन्डर प्रचलनमा ल्याउने विषयमा समेत अध्ययन गरि रहेको पनि उनले जानकारी दिए ।

करिब ७ सय स्थायी र ३ सय ज्यालादारी कर्मचारीका भरमा देशभरि दैनिक ७५ लाख लिटर पेट्रोलियम पदार्थ र १ हजार ५ सय टन ग्यास वितरण गर्नु आफैंमा चुनौतीपूर्ण रहेको भन्दै डा. भट्टले कर्मचारीको लगनशीलताको प्रशंसा गरे । एक कर्मचारीले औसत २० हजार सेवाग्राहीलाई सेवा दिइरहेको उनले बताए । भट्टले इन्डियन आयल कर्पोरेसन, पेट्रोलियम व्यवसायी, ढुवानीकर्ता र प्रेस जगतको सहयोगप्रति आभार व्यक्त गर्दै आगामी दिनमा निगमलाई अझै प्रतिस्पर्धी, पारदर्शी र आधुनिक संस्थाका रूपमा विकास गर्ने प्रतिबद्धता व्यक्त गरे ।

कार्यक्रममा उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री अनिलकुमार सिन्हा, सचिवहरू डा. रामप्रसाद घिमिरे र मधुसुदन बुर्लाकोटी र लोकसेवा आयोगका अध्यक्ष माधवप्रसाद रेग्मी लगायत उपस्थिति थियो ।

**ब्लु हेवन टेलर्स सरेको सूचना**

हेटौंडा बुद्धचोक मेनरोडमा रहेर यहाँहरुको सेवामा लामो समयदेखि समर्पित यस **ब्लु हेवन टेलर्स** कान्तिराजपथस्थित **शाक्य प्लाजा** भवनमा सरेको सम्पूर्णमा जानकारी गराउँदछौं ।

**ब्लु हेवन टेलर्स्**
हेटौंडा-२, कान्तिराजपथ
९८४५०२२९८१

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**
*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# कुष्माण्डधाममा पितृउद्धारका लागि गरुड महापुराण वाचन हुने

साझाकुरा संवाददाता

हेटौंडा, २६ पुस/ मकवानपुरको धार्मिक तथा पर्यटकीय स्थलकारुपमा परिचित कुष्माण्ड सरोवर त्रिवेणीधाममा यस वर्ष पितृउद्धारको उद्धेश्यसहित १ महिने गरुड महापुराणवाचन हुने भएको छ ।

धार्मिक आस्था, संस्कार र परम्पराको संरक्षण तथा प्रवर्द्धन गर्ने उद्धेश्यले हरेक वर्ष यस्तो कार्यक्रम सञ्चालन हुँदै आएको छ । कुष्माण्ड सरोवर त्रिवेणीधाम विकास समितिका अध्यक्ष ईश्वरी प्रसाद न्यौपानेका अनुसार हरेक वर्ष माघ महिनाभर फरकफरक पुराणवाचन हुँदै आएकोमा यसवर्ष पितृउद्धारको उद्धेश्यसहित १ महिने गरुड महापुराणवाचन हुनेछ । सनातन धर्मअनुसार पितृमोक्ष, आत्मशान्ति तथा धार्मिक चेतना अभिवृद्धि गर्ने उद्धेश्यले यसवर्ष गरुड महापुराणवाचन गर्न लागिएको



अध्यक्ष न्यौपानेले जानकारी दिए ।

यसवर्ष आयोजना हुने गरुड महापुराणवाचन पण्डित गोपाल चालिसे, जीबराज बखेल र यदु अधिकारीबाट हुने जनाइको छ । गरुड महापुराणमा वर्णित पितृलोक, कर्मफल, मृत्युउपरान्तको यात्रा र आत्ममोक्षसम्बन्धी ज्ञानले श्रद्धालुहरुमा धार्मिक चेतना अभिवृद्धि गर्नुका साथै पितृप्रतिको कर्तव्यबोध गराउने विश्वास गरिएको छ । कार्यक्रमको अवधिभर दैनिकरुपमा पूजाअर्चना, गरुड महापुराण पाठ, प्रवचन, भजनकीर्तन, श्राद्ध, तर्पण तथा अन्य वैदिक विधिअनुसारका धार्मिक अनुष्ठान सञ्चालन गरिनेछन् । पितृको आत्मशान्ति तथा मोक्षप्राप्तिको कामनासहित आफ्ना पितृहरुको नाम संकल्प गराउन सकिने व्यवस्था मिलाइएको छ ।

आयोजकका अनुसार कार्यक्रममा मकवानपुरसहित आसपासका जिल्लाबाट ठूलो संख्यामा भक्तजन तथा श्रद्धालुहरुको सहभागिता रहने अपेक्षा गरिएको छ । कुष्माण्ड सरोवर त्रिवेणीधाम पितृकार्य, श्राद्ध तथा धार्मिक अनुष्ठानका लागि उपयुक्तस्थलकारुपमा परिचित रहँदै आएको छ । धार्मिक कार्यक्रमलाई सभ्य, भव्य र व्यवस्थितरुपमा सम्पन्न गर्न सुरक्षा, सरसफाइ, यातायात तथा अन्य आवश्यक व्यवस्थापनमा विशेष ध्यान दिइएको अध्यक्ष न्यौपानेले जानकारी दिए । पितृउद्धारको भावनासँग जोडिएको यस १ महिने गरुड महापुराणवाचनले कुष्माण्ड सरोवर त्रिवेणीधामको धार्मिक महत्वलाई अझ उजागर गर्ने अपेक्षा गरिएको छ ।

# प्रगति माविले माघ ६–९ स्वर्ण महोत्सव मनाउने



साझाकुरा संवाददाता

हेटौंडा, २६ पुस/ हेटौंडा-९, पशुपतिनगरस्थित प्रगति माध्यमिक विद्यालयले स्थापनाको ५० वर्ष पूरा भएको अवसरमा स्वर्ण महोत्सव मनाउने भएको छ ।

वि.सं. २०३२ मा स्थापना भएको यस विद्यालयले ५० औं वार्षिकोत्सव माघ ६ गतेदेखि ९ गतेसम्म विभिन्न कार्यक्रमसहित मनाउन लागिएको शनिबार आयोजित पत्रकार सम्मेलनमा जानकारी गराइएको छ । स्वर्ण महोत्सव अन्तर्गतका विभिन्न गतिविधि भने शनिबारदेखि सुरु भएको विद्यालयका प्रधानाध्यापक किशोर पराजुलीले बताए । पौष २६ र २७ गते जिल्लास्तरीय महिला शिक्षक भलिबल प्रतियोगिता, माघ २ गते छात्रा भलिबल प्रतियोगिता, माघ ३ गते जिल्ला स्तरीय शिक्षक सम्मेलन आयोजना गरिनेछ भने माघ ४ गते विविध अतिरिक्त क्रियाकलाप सञ्चालन हुने विद्यालयले जनाएको छ ।

माघ ५ गते विद्यार्थी सहभागितामा साइकल र्‍याली, मानवसेवा आश्रम सहयोग कार्यक्रम तथा विद्यालय परिसर सरसफाइ अभियान सञ्चालन गरिने प्रधानाध्यापक पराजुलीले बताए । माघ ६ गते स्वर्ण महोत्सव समुद्घाटन कार्यक्रम रहेको छ । बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँको प्रमुख आतिथ्यतामा स्वर्ण महोत्सव उद्घाटनका साथै स्वर्ण स्तम्भ अनावरण, स्मारिक विमोचन विद्यालय गान सार्वजनिककरण, शैक्षिक प्रदर्शनी, सम्मानलगायत कार्यक्रम आयोजना गरिने विद्यालयले जनाएको छ ।

माघ ७ गते साहित्य सम्मेलन तथा विद्यार्थीका विविध अतिरिक्त क्रियाकलाप सञ्चालन हुनेछन् । यस्तै माघ ८ गते अभिभावक तथा विद्यार्थी लक्षित विविध खेलकुद तथा अतिरिक्त क्रियाकलाप, साथै विद्यार्थी पुरस्कार वितरण र पूर्व विद्यार्थीको सांस्कृतिक प्रस्तुति कार्यक्रम आयोजना गरिने बताइएको छ । स्वर्ण महोत्सवको अन्तिम दिन माघ ९ गते सरस्वती पूजाको दिनमा विद्यालयको पहिलो प्रधानाध्यापक स्व. राधादेवी शाहको प्रतिमा अनावरण कार्यक्रम राखिएको छ । यसका साथै सांस्कृतिक कार्यक्रम, सम्मान तथा समापन कार्यक्रम आयोजना गरिने विद्यालयले जनाएको छ ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष ज्ञानेन्द्र लामिछाने तथा प्रधानाध्यापक पराजुलीले विद्यालयको यस ऐतिहासिक अवसरलाई सफल बनाउन अभिभावक, पूर्वविद्यार्थी, शिक्षक, विद्यार्थी तथा सम्पूर्ण समुदायलाई सहभागिताका लागि अनुरोध गरेका छन् ।

# हेटौंडा बचतको कुल बचत ५९ करोड १६ लाख



साझाकुरा संवाददाता

हेटौंडा, २६ पुस/हेटौंडा उपमहानगरपालिका वडा नं. ७ मा मुख्य कार्यालय रहेको हेटौंडा बचत तथा ऋण सहकारी संस्था लिमिटेडको २६ औं वार्षिक साधारणसभा शनिबार सम्पन्न भएको छ ।

संस्थाका ज्येष्ठसदस्य राजीप्रसाद ढकालको प्रमुखउपस्थितिमा भएको कार्यक्रमको सभाध्यक्षता संस्थाका अध्यक्ष इन्द्रबहादुर बस्नेतले गरेका हुन् । साधारणसभामा अध्यक्ष बस्नेतले वार्षिक प्रतिवेदन, सचिव युवराज गौतमले संस्थागत प्रतिवेदन र कोषाध्यक्ष पार्वती ढकालले योजना तथा वार्षिक बजेट प्रस्तुत गरे । गत आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन, लेखा सुपरीवेक्षण समिति, ऋण उपसमिति, महिला उपसमितिको प्रतिवेदन पनि सभामा पेश गरिएको थियो ।

साधारणसभामा प्रस्तुत प्रतिवेदन अनुसार संस्थामा हाल महिला शेयर सदस्य ४ हजार १ सय ९७ र पुरुष २ हजार ८ सय ८१ गरी कुल ७ हजार ३८ जना शेयर सदस्य आबद्ध रहेका छन् । संस्थाको शेयरपुँजी ५ करोड २ लाख २९ हजार रुपैयाँ रहेको छ भने कुल बचत ५९ करोड १६ लाख ६५ हजार रुपैयाँ पुगेको अध्यक्ष बस्नेतले बताएका छन् । संस्थाले मासिक, दैनिक, आवधिक, पेन्सन, बालबचत र पर्वबचत लगायत विभिन्न १२ शीर्षकबाट बचत संकलन गर्दै आएको छ ।

संस्थाको ऋण लगानी ५५ करोड ६४ लाख, जगेडा कोष ४ करोड ११ लाख र अन्य कोष १ करोड २४ लाख रहेको कोषाध्यक्ष ढकालले जानकारी दिए । यसवर्ष पनि संस्थाले विभिन्न विधाका व्यक्तित्वलाई सम्मान गरेको छ । पत्रकारिता क्षेत्रबाट खबर सहकारीका श्रीराम अर्जुन र सामाजिक व्यक्तित्वतर्फ यशोधाकुमारी उप्रेती सम्मानित भए । उत्कृष्ट कार्यसम्पादन गरेवापत बचत तथा लेखासहायक सरस्वती पाख्रिन र कार्यालय सहयोगी राममाया घलान पुरस्कृत भए । मासिक नियमित बचतकर्ता सारदा दाहाल, सीता आर्याल र बिन्दा भ्लोन तथा असल ऋणीकारुपमा बिमला लामा, मदन घलानलाई सम्मान गरिएको थियो ।

बालबचत, दैनिकबचत, पेन्सनबचत र आवधिकबचततर्फका उत्कृष्ट बचतकर्ताहरु र एकैदिन सदस्यता ग्रहण गर्ने ६ दम्पतीलाई पनि सम्मान गरिएको थियो । संस्थाको हेटौंडा-२, हेटौंडा-८ र हेटौंडा-१६ मा सदस्य सेवाकेन्द्र रहेको छ । साधारण सभाबाट लेखा सुपरीवेक्षण समिति र संचालक समितिमा नयाँ नेतृत्व चयन हुनेछ । आइतबारको लागि निर्वाचनको कार्यक्रम तय भएको सचिव गौतमले जानकारी दिए ।

# ढुक्कसाथ सामुदायिक विद्यालयमा बालबालिका पढाउन आग्रह

साझाकुरा संवाददाता

हेटौंडा, २६ पुस/ हेटौंडा-४ मा रहेका सामुदायिक विद्यालयमा गुणस्तर सुनिश्चित गरिएकोले बालबालिकालाई ढुक्क भएर सामुदायिक विद्यालयमा नै पढाउन आग्रह गरिएको छ ।

कर्रा टोल विकास संस्थाको ८ औं साधारणसभाको उद्घाटन गर्दै शिक्षा विकासको लागि सामुदायिक विद्यालयको शिक्षा गुणस्तर बनाउन जनप्रतिनिधि, व्यवस्थापन समिति, विद्यालय प्रशासन लागिपरेको बताए । विद्यालयले बालविकास केन्द्रदेखि कक्षा १२ सम्म सुविधा सम्पन्नरुपमा गुणस्तरीय शिक्षा प्रदान गरिरहेको वडाअध्यक्ष नबीन सिग्देलको भनाई थियो । विद्यालयको भौतिक पूर्वाधार, सुविधा सम्पन्न विभिन्न ल्याव, स्तरीय बालविकास केन्द्र, दक्ष र अनुभवी शिक्षक, व्यवहारिक शिक्षाको लागि विभिन्न अतिरिक्त क्रियाकलाप र तालिमको व्यवस्था, शिक्षक र विद्यार्थीलाई सम्मान र पुरस्कार, विभिन्न प्रतिस्पर्धात्मक रचनात्मक क्रियाकलापमा विद्यालयले व्यवस्थापन गरिरहेको र वडा कार्यालयले प्राथमिकताका साथ कार्य गरिरहेको बताए ।

संस्थागत र सामुदायिक विद्यालयको सहकार्य र स्वस्थ्य प्रतिस्पर्धाबाट गुणस्तर सुधारको लक्ष्य




राखिएको वडा अध्यक्ष सिग्देलको भनाई रहेको छ । साधारणसभामा वडाअध्यक्ष सिग्देलले आगामी २०८४ सालसम्म वडाका सबै मूल र भित्री सडक कच्चीरोड र खाल्डाखुल्डीमुक्त गर्ने जानकारी दिए । आफू वडाअध्यक्षमा निर्वाचित भएपछि मूल सडक ८० प्रतिशत स्तरीकरण गरिएको र भित्री सडक ९० प्रतिशत स्तरीकरण गरी कच्ची सडक र खाल्डाखुल्डीमुक्त गरिएको अध्यक्ष सिग्देलले दाबी गरे ।

साधारणसभाले अध्यक्षमा अजीव भट्टराई र सचिवमा अर्जुन पोखरेल रहेको ११ सदस्यीय नयाँ कार्यसमिति सर्वसम्बत चयन गरिएको निर्वाचन समितिका संयोजक केशव अर्यालले जानकारी दिए । प्रगति प्रतिवेदन र आर्थिक प्रतिवेदन पारित गरी सम्पन्न भएको साधारणसभा संस्थाका अध्यक्ष चन्द्राकान्त श्रेष्ठको अध्यक्षतामा सम्पन्न भएको हो ।

# मकवानपुर बचतको कर्जा लगानी १७ करोड भन्दा माथि

साझाकुरा संवाददाता

हेटौंडा, २६ पुस/ हेटौंडा-४ मा रहेको मकवानपुर बचत तथा ऋण सहकारी संस्था लिले चालु आर्थिक वर्षमा १७ करोड भन्दा बढी कर्जा लगानी गरेको छ ।

शनिबार सम्पन्न सहकारीको २६ औं वार्षिक साधारण सभामा वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै अध्यक्ष बिजयसागर श्रेष्ठले आर्थिक वर्ष २०८१/८२ मा १७ करोड ३३ लाख ८९ हजार कर्जा लगानी गरेको जानकारी दिए । गत आर्थिक वर्षमा सहकारीले १७ करोड २४ लाख कर्जा लगानी गरेको थियो । आगामी आर्थिक वर्षमा कर्जा लगानीलाई २१ करोड पुर्‍याउने लक्ष्य रहेको अध्यक्ष श्रेष्ठले बताए । उनका अनुसार यस आर्थिक वर्षमा शेयर पुँजी २ करोड २७ लाख ३० हजार रहेकोमा आगामी आर्थिक वर्षमा २ करोड ५० लाख पुर्‍याउने लक्ष्य रहेको छ ।

लाभांश कट्टी गरी संहकारी यस आर्थिक वर्षमा ६ लाख २० हजार खुद मुनाफा आर्जन गर्न सफल भएको छ । आगामी वर्ष सहकारीले खुद मुनाफामा बृद्धि गरी ५४ लाख पुर्‍याउने लक्ष्य लिएको छ । साधारणसभामा अध्यक्ष श्रेष्ठले आगामी आर्थिक वर्षको लागि ४ करोड १९ लाख ६० हजार रुपैंयाँको बजेट प्रस्तुत गरेका छन् । कार्यक्रममा कोषाध्यक्ष भुवनलाल श्रेष्ठले कोषाध्यक्षको प्रतिवेदन र लेखा समिति संयोजक बिमल बास्कोटाले लेखा समितिको प्रतिवेदन पेश गरेका हुन् ।

सहकारीका संस्थापक अध्यक्षम मधुसुदन कंसाकारको प्रमुख आतिथ्यतामा साधारणसभा सम्पन्न भएको हो । हाल सहकारीमा ८ सय ४५ जना महिला र १ हजार ७ सय ३१ जना पुरुष गरी कुल २ हजार ५ सय ७६ जना शेयर सदस्य रहेका छन् ।

# ज्ञानदीप सहकारीको साधारणसभा सम्पन्न

साझाकुरा संवाददाता

हेटौंडा, २६ पुस/ हेटौंडा-५ स्थित ज्ञानदीप बुहउद्दश्यीय सहकारी संस्था लि.को शनिबार २६ औं वार्षिक साधारणसभा सम्पन्न भएको छ ।

संस्थाका अध्यक्ष ऋषिराम पोखरेलको सभाध्यक्षता एवम् संस्था पूर्वअध्यक्ष तथा संस्थापक सचिव बोधराज भुर्तेलको प्रमुख आतिथ्यतामा साधारणसभा भएको हो । सभाको अवसरमा संस्थाले पूर्वसचिव शिवप्रसाद बन्जारा र निवर्तमान सचिव दीपक खड्कालाई नगद ११ हजार १ सय ११ सहित सम्मान गरेको छ भने ज्ञानदीप पत्रकारिता पुरस्कार २०८१ बाट रेडियो निकासकी सुमिना चौलागाईलाई सम्मान गरेको हो । त्यसैगरी विद्यावारिधि गरेका डा.बासुप्रसाद सुवेदी, डा.शंकरप्रसाद उपाध्याय, डा. भीमप्रसाद तिमल्सिना, डा.खिलप्रसाद बराल, डा.लिलानाथ ढुंगेल र डा. दिलिपकुमार लालकर्णलाई सम्मान गरिएको छ ।

संस्थाले साधारणसभाको अवसरमा शेयरसदस्यमध्येबाट राधेश्याम श्रेष्ठ र नानीछोरी जोशीलाई पनि सम्मान गरेको छ । कार्यक्रममा संस्थाका अध्यक्ष पोखरेलले वार्षिक प्रगति प्रतिवेदन, कोषाध्यक्ष मोहनप्रसाद न्यौपानेले आर्थिक प्रगति प्रतिवेदन, सचिव लिलानाथ ढुंगेलले विनियम संशोधनका लागि सचिवको प्रतिवेदन प्रस्तुत गरेका थिए । सहकारीद्वारा सञ्चालित जीएस निकेतन माध्यमिक विद्यालयका प्रिन्सिपल इश्वर लामिछानेले विद्यालयको प्रगति प्रतिवेदन प्रस्तुत गरे ।

५ सय ७८ जना शेयर सदस्य रहेको सहकारीको शेयरपुँजी ९१ लाख ९० हजार रहेको छ । संहकारीका उपाध्यक्ष राजेश घिमिरेले स्वागत मन्तव्य राखेको कार्यक्रममा राष्ट्रिय परीक्षा बोर्डका प्रमुख बद्रीबहादुर पाठक, विद्यालय व्यवस्थापन समितिकी अध्यक्ष रमिला सापकोटालगायतको उपस्थिति रहेको थियो ।

## वार्षिक साधारणसभा बारेको सूचना

यस बहुउद्देश्यीय सहकारी संस्था लि. को २३ औं बार्षिक–साधारण सभा निम्न मिति, समय र स्थानमा हुन गईरहेको ब्यहो–राको सूचना बिभिन्न सञ्चारमाध्यममार्फत् पठाई सकिएको छ, यदी उक्त सूचना प्राप्त नभएको भए यसै सूचनालाई आधार मानेर साधारण सभामा अनिवार्य उपस्थितिको लागि हार्दिक निमन्त्रणा गर्दछौं ।

**कार्यक्रम :**

**मिति** : २०८२ पुस २७ गते आईतवार
**समय** : बिहान १०:०० बजेदेखि १ बजेसम्म ।
**स्थान** : रोयल पार्टी प्यालेस हेटौंडा 'C' Block
**नोट** : खाजाको ब्यवस्था गरिएको छ ।

**नमूना बहुउद्देश्यीय सहकारी संस्था लि.**
हेटौंडा-१०, राप्तीरोड, मकवानपुर




## जाडोबाट जेष्ठ नागरिक र बालबालिकाको सुरक्षा

**प्रमुख सावधानीहरू**

- न्यानो कपडा, टोपी, मोजा, पञ्जा अनिवार्य प्रयोग गरौं।
- घाम ताप्ने, हल्का व्यायाम गर्ने बानी बसालौं।
- अत्यधिक चिसोमा बिहान–साँझ बाहिर ननिस्कौं।
- भिजेका कपडा तुरुन्तै फेरेर शरीर सुकाऔं।

**जेष्ठ नागरिकका लागि विशेष ध्यान**

- लामो समय चिसोमा बस्न नदिनुहोस्।
- नियमित औषधि समयमा सेवन भएको सुनिश्चित गर्नुहोस्।
- बढी चिसो वा ज्वरो आए स्वास्थ्य संस्थामा सम्पर्क गर्नुहोस्।
- तातोपानी, झोलिलो खाना, न्यानो बसोबासको व्यवस्था गर्नुहोस्।

**बालबालिकालाई जोगाउने तरिका**

- न्यानो र सफा कपडा लगाइदिनुहोस्।
- नवजात शिशु विशेष सुरक्षा–चिसो हावा सिधै नलाग्ने व्यवस्था ।
- तातो, पचिलो खाना र पर्याप्त तातोपानी पिउन दिनुहोस्।
- खोकी, ज्वरो वा सास फेर्न गाह्रो भए तुरुन्त स्वास्थ्यकर्मी सम्पर्क गर्नुहोस् ।

**घरभित्र ध्यान दिनु पर्ने कुराहरू**

- न्यानो र हावापास हुने व्यवस्था मिलाओस् ।
- हीटर/अंगिठी सुरक्षित प्रयोग गरौं ।
- धुवाँ–धुलोबाट जोगाउने उपाय अपनाऔं ।

**आपतकालीन अवस्था**

- शरीर अत्यधिक चिसिनु, ज्वरो नझर्नु, सास फेर्न गाह्रो हुनु, बेहोसजस्तो हुनु देखिएमा तुरुन्त स्वास्थ्य संस्थामा जानुहोस् ।

**हेटौंडा उपमहानगरपालिका**
**१३ नं. वडा कार्यालय**
**पदमपोखरी, हेटौंडा, मकवानपुर**

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादकः **सरला खनाल**, कार्यालय/मुद्रणः हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रणः** सफल छापाखाना